# पहिलो परिच्छेद

# शोध परिचय

## १.१. विषय परिचय

स्नेह सायमिको जन्म वि. सं. २०१६ माघ १ गते पिता पूर्णबहादुर मानन्धर र माता पूर्णदेवी मानन्धरको जेठो पुत्रका रूपमा काठमाडौं जिल्लाको नैकाप गा. वि. स. मा भएको हो । त्रिभुवन विश्वविद्यालयबाट एम. वी. ए. र काठमाडौं विश्वविद्यालयबाट इ. एम. वी. ए. गरेका सायमि शिक्षण पेशामा संलग्न हुदैँ आएका छन् । उन्नाइस वर्षको उमेरमा एकैपटक **चौतारो बोल्यो** (२०३६) कविता सङ्ग्रहबाट औपचारिक रूपमा साहित्यिक यात्रा सुरू गरेका सायमिको अर्को कविता सङ्ग्रह **पुल र पर्खालहरू** (२०६३) प्रकाशित भइसकेको छ । यसका अतिरिक्त उनले विभिन्न पत्र पत्रिकाहरूमा आर्थिक, व्यावसायिक र साहित्यिक लेखहरू प्रकाशित गरेका छन् । कविता सिर्जनाका साथै उनले शैक्षिक, सामाजिक, व्यवसायिक र राजनीतिक क्षेत्रमा पनि आफ्नो उपस्थिती जनाएको पाइन्छ । पारिजात कला पुरस्कारको संस्थापक रहेका उनी मूलत: कविका रूपमा चिनिन्छन् । सायमिको प्रतिभालाई प्रस्फुटन गराउँने काम यस शोधकार्यले गरेको छ । तसर्थ, यस शोधकार्यमा सायमिको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

## १.२. समस्या कथन

नेपाली साहित्यको कविता विधामा कलम चलाउने स्नेह सायमि लेखनका क्षेत्रमा सक्रिय रूपमा लागिरहेका छन् । उनको बारेमा अध्ययन अनुसन्धान नभएको हुदाँ निज सायमिको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा विस्तृत रूपमा अध्ययन गरी यथार्थ बाहिर ल्याउनु यस शोधकार्यको मुख्य उद्देश्य हो ।

तसर्थ, प्रस्तुत शोधकार्य निम्नलिखित बुदाँहरूसँग सम्बद्ध भई विभिन्न समस्याहरूको बारेमा जानकारी दिइन्छ :

क) स्नेह सायमिको जीवनी के कस्तो रहेको छ ?

ख) स्नेह सायमिको व्यक्तित्व के कस्तो रहेको छ ?

ग) स्नेह सायमिका  कृतित्व के कस्ता छन् ?

## १.३. शोधकार्यका उद्देश्यहरू

शोधकार्यमा समस्याकथनले औँल्याएका समस्याहरू तथा प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै यस शोधकार्यको मुख्य उद्देश्य हो ।

शोधकार्यका उद्देश्यहरू निम्नलिखित छन् :

अ) स्नेह सायमिको जीवनीको अध्ययन गर्ने,

आ) स्नेह सायमिको व्यक्तित्वको अध्ययन गर्ने,

इ) स्नेह सायमिको कृतित्वको अध्ययन गर्ने ।

## १.४. पूर्वकार्यको समीक्षा

स्नेह सायमिको आजसम्मको अध्ययन अनुसार उनका कृतिहरूमा लेखिएको भूमिका टीका - टीप्पणी बाहेक विस्तृत ढङ्गले उनका बारेमा खासै विश्लेषण, विवेचना र मूल्याङ्कन भएको पाइँदैन । उनका बारेमा जे-जति अध्ययन भएको छ त्यो केवल परिचयात्मक रूपमा मात्र भएको देखिन्छ । सायमिका बारेमा विभिन्न कृति, पत्रपत्रिका, अनुसन्धान आदिमा भएका चर्चा परिचर्चाहरूलाई यहाँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

राजन कार्कीले **चौतारो बोल्यो** (२०३६) कविता सङ्ग्रहको प्रकाशकीयमा 'प्रकाशकको कलम' शीर्षकमा सायमि हजारौँ मुटुको स्पन्दन आफ्नो मुटुमा समेटेर चेतनाको शंख फुक्छन्, समाजका अँध्याँरा पक्षतिर औँल्याउँदै क्रान्ति लेख्छन्, बोल्छन् र गर्छन्, भन्ने कुरा उल्लेख गरेका छन् ।

श्यामलले **पुल र पर्खालहरू** (२०६३) कविता सङगहको अन्तिम पृष्ठमा, काव्यका सन्दर्भमा सुस्पष्ट विचार प्रवाह गर्ने सायमिको सर्वाधिक महत्त्वपूर्ण पक्ष आफ्नो समयका पदचापलाई बुझ्नु र तिनलाई आफ्नो दृष्टिकोणको रसायनले सामान्यजनका आकाङ्क्षासँग जोड्नु हो, भन्ने कुरा उल्लेख गरेका छन् ।

रमेश लम्सालले **कान्तिपुर** (२०६३) दैनिक पत्रिकामा 'सांस्कृतिककर्मीहरू नै राष्ट्रियताप्रति सचेत' शीर्षक लेखमा सायमिले भन्छन्, राजनीति भनेको सीधा विषय हो । राजनीतिले दिने कुरा मिठो भाषामा साहित्यमा पस्कन सक्यौं भने सो राम्रो हुन्छ, भनेका छन् ।

श्यामलले **राजधानी** (२०६५) दैनिक पत्रिकामा प्रकाशित 'दर्शक खित्के पेट मिचिमिचि' शीर्षक लेखमा 'पुल र पर्खालहरू' कविता सङ्ग्रहका सम्बन्धमा लेखेका छन् - 'मानवीय अहम् र गरिमालाई होच्याउने क्रान्ति धर्मको विपक्षमा आफूलाई कवितामार्फत उभ्याउन सायमि सफल छन्' ।

यसरी माथि उल्लेख गरिएको पूर्वकार्यको विवरणले सायमिको सम्बन्धमा सामान्य चर्चा परिचर्चा मात्र गरिएको भेटिन्छ । सायमिको सिङ्गो जीवनी, व्यक्तित्व र कृतित्वको सम्बन्धमा केन्द्रित भएर हालसम्म कुनै अध्ययन नभएकाले यस शोधमा उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई संक्षिप्त लेखमा उल्लेख गरिएको छ ।

## १.५. शोधकार्यको औचित्य

यस शोधपत्रको औचित्य पाठकलाई एउटा छुट्टै किसिमको अनुभूति गराउने सायमिको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा प्रकाश पार्नु अवश्य पनि महत्त्वपूर्ण कुरा हो ।

सायमिको जीवनी व्यक्तित्व र कृतिहरूमा केन्द्रित रहेर गरिने यो शोधकार्य पहिलो हुने हुदाँ साहित्यअनुरागी, पाठक, शिक्षक, समालोचक, विद्यार्थी तथा उनका विषयमा अध्ययन गर्न चाहने सबैलाई उपयोगी हुनेछ ।

## १.६. शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा स्नेह सायमिको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । यस क्रममा उनका प्रकाशित दुईवटा कविता सङ्ग्रहरू **चौतारो बोल्यो** (२०३६) **पुल र पर्खालहरू** (२०६३) हुन् । यी दुई कविता सङ्ग्रहका बारेमा सामान्य अध्ययन गरिएको छ ।

## १.७. शोधविधि

### १.७.१. सामाग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रको सामाग्री सङ्कलनका सन्दर्भमा मुख्यत: पुस्तकालयीय विधिलाई नै प्रयोग गरिएको छ । मुख्य सामग्रीका रूपमा उनको दोस्रो कविता सङ्ग्रह **पुल र पर्खालहरू** रहेको छ । उनी र उनका बारेमा लेखिएका पत्रपत्रिका, पुस्तक आदिबाट सामग्री सङ्कलन गरिएको छ । शोधनायकसँग प्रत्यक्ष कुरा गर्नुका साथै परिवार र निकटतम व्यक्तिसँग पनि सामग्री सङ्कलनका सम्पर्क गरिएको छ ।

### १.७.२. अध्ययन तथा विश्लेषण विधि

शोधपत्रलाई व्यवस्थित गर्ने सर्न्दभमा सङ्कलित सामग्रीलाई अध्ययन तथा सामान्य विश्लेषण पनि गरिएको छ । यसक्रममा जीवनी र व्यक्तित्वको अध्ययनमा जीवनीपरक र कृतित्व पक्षको समीक्षात्मक र सामान्य विश्लेषण गरी अध्ययन गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ । यसका साथै आवश्यकतानुसार शीर्षक र उपशीर्षकमा विभाजन गरेर अध्ययन गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : स्नेह सायमिको जीवनी

तेस्रो परिच्छेद : स्नेह सायमिको व्यक्तित्व

चौथो परिच्छेद : स्नेह सायमिको कृतित्वको अध्ययन

पाँचौ परिच्छेद : उपसंहार

परिशिष्ट

सन्दर्भ सामग्री सूची

## दोस्रो परिच्छेद

# स्नेह सायमिको जीवनी

## २.१ विषय प्रवेश

व्यक्तिविशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, मानसिक प्रभाव तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार प्रस्तुत गरिएको गद्यरचनालाई 'जीवनी साहित्य' भनिन्छ (श्रेष्ठ र शर्मा, २०५६: १७०) । जीवनी भन्नाले कुनै पनि व्यक्तिको जन्मदेखि मृत्यु-पर्यन्तका यावत् घटनाहरुको क्रमबद्ध प्रस्तुति भन्ने बुझिन्छ । यसमा कुनै पनि व्यक्ति विशेषको जीवनका सम्पूर्ण वा आंशिक पक्षहरूको विवरण हुन्छ (थापा, २०५०: २२७) जीवनीमा कल्पनाशीलता र भावुकताजस्ता कुराहरूको सट्टा कुनै व्यक्तिका जीवनसँग सम्बन्धित सत्यतथ्य घटनाहरू प्रमुख विषयवस्तुका रूपमा समेटिएका हुन्छन । व्यक्ति विशेषको सम्वन्ध समाज, संस्कृति, राजनीति आदिसँग हुने भएकाले जीवनीबाट तत्कालीन, सामाजिक, सांस्कृतिक वा राजनीतिक परिवेश बुझ्न सकिन्छ । त्यसैले जीवनी साहित्यमा आख्यान साहित्यमा झैं कल्पनाको नभई वस्तुपरक तथ्यको सर्वाधिक महत्त्व हुन्छ । इतिहास-लेखन्मै जीवनी-लेखक पनि निष्पक्ष निरीक्षण, परीक्षण अनि प्रमाणीकतालाई सामुन्ने राखेर नायकको सत्यकथा लेख्न बस्दछ । जीवनी-साहित्यमा नायकको अति सरलीकरणलाई बर्जित गरिन्छ (श्रेष्ठ र शर्मा, २०५६: १७०) ।

## २.२ वंश परिचय

साहित्यकार स्नेह सायमिले दिएको जानकारी अनुसार उनका पूर्वजहरू कीर्तिपुरमा रहने गर्थे । आफ्ना जीजुबाजे तुइसिँ मानन्धर सम्मको जानकारी भएअनुसार तुइसिँ मानन्धर राणाकालीन समयका द्वारे थिए । त्यतिबेलाका द्वारे नै एक निश्चित समयका प्रशासक हुने गर्थे । कीर्तिपुर र कीर्तिपुर वरीपरीका गाउँका मानिसहरूको जग्गाको लगत द्वारे कहाँ नै हुने गर्थ्यो । द्वारे कै घर अड्डामा जनसाधारणहरूले आफूले कमाई आएको जमिनको कुत बुझाउने कुरा शोधनायक बताउँछन् ।

तुइसिँ मानन्धरका चार छोराहरू थिए । चार छोराहरूमध्ये साइला छोराको नाम थाहाँ नभएको उनी बताउँछन् । तुइसिँ मानन्धरका जेठा छोरा तुल्सी नारायण सानै उमेरदेखि कुत उठाउँन घरघरमा पुग्ने गर्थे । उनको विवाह कीर्तिपुरकै मानन्धर परिवारमा भएको थियो । यसै गरी सबै भाइहरू आ-आफ्ना पेशामा संलग्न हुदै आएको कुरा शोधनायकले यस शोधकर्तालाई बताएका थिए । जेठा तुल्सी नारायणप्रति भाइहरूले समर्थन नगर्ने, उल्टो तिनका विरूद्धमा कुरा लगाउने भएपछि तुल्सीनारायणका जेठा छोरा पूर्णबहादुरका लागि असह्य भयो । जम्मा १७ वर्षको उमेरमा १५ वर्षकी केटीसँग बिहे गरेका पूर्णबहादुरले स-साना दुई भाइ र आमाबुवालाई लिइएर सम्पन्न द्वारेको घरबाट उनी निस्के । उनका कोखमा स्नेह सायमि थिए । मात्र ४ कक्षामा पढेका लेखपढ गर्न सम्म जान्ने पूर्णबहादुरले द्वारेको सम्पन्न घर छाडेर नैकाप स्थित द्वारेको विशाल घरको सामुन्नेमा काँचो इट्टाले बनाएको घरमा बसेर ससुरालीको सहयोगमा तेल पेल्ने कोल स्थापना गरेर त्यसैबाट आफ्ना बाबुले जेनतेन गुजारा गरेको कुरा शोधनायक बताउँछन् ।

स्नेह सायमिका बुवा पूर्णबहादुर मानन्धर र आमा पूर्णदेवी मानन्धर हुन् । उनीहरूले अत्यन्त दुःख का साथ छोराछोरी हुर्काएका थिए । साहित्यकार स्नेह सायमि बाल्यकालमा आमाले बनाइदिनु भएको काठको फल्याकमा खरीले लेख्ने गरेको सम्झन्छन् । उनले ब्राहखरी आमाबाट सिक्ने गरेको र आमाले बत्ति नभएको कोठामा सुत्नु अघि धेरै शब्दहरू कण्ठाग्र सिकाएको कुरा शोधनायकले यस शोधकर्तालाई बताएका थिए ।

## २.३. जन्म, जन्ममिति र जन्मस्थान

शोधनायकले दिएको जानकारी अनुसार पुर्ख्यौली थलो कीर्तिपुरमा भए पनि उनी काठमाडौँ जिल्लाकै नयाँ नैकाप गा. वि. स. वडा न. २ मा जन्मेका थिए । पिता पूर्णबहादुर मानन्धर र माता पूर्णदेवी मानन्धरको पहिलो सन्तानको रूपमा वि. सं. २०१६ माघ १ गते उनको जन्म भएको थियो । उनका चार वटा भाइहरू श्यामकृष्ण, नेपकृष्ण, राजेन्द्र, ज्ञानेन्द्र आदि छन् ।

## २.४. बाल्यकाल

स्नेह सायमिको बाल्यकाल नैकाप गा. वि. स. को मूल सडकमा बितेको थियो । बल्खु खोलामा नुहाउने, पौडी खेल्ने, माछा मार्ने, काकाको साइकल लिएर सडकमा गुडाउन लैजाने, धानबारीमा डुल्न जाने, कबडी खेल्ने, गाई चराउने, गाँउभरिका बुढापाका जम्मा भएको ठाँउमा तमाखु बनाएर लैजाने, बुढापाकाका अकवर बिरबलका किस्सा सुन्ने, जेठो छोरा भएकाले आफूमुनिका भाइ बहिनीलाई माया गर्ने, आमालाई मदत गर्ने आदि जस्ता बानी भएको कुरा शोधनायक बताउँछन् ।

## २.५. शिक्षा दीक्षा

मानिस जन्मिन्छ तर उसको विभिन्न बाल्यवस्थाहरू एकपछि अर्को गरी विकसित भएका हुन्छन् । बालकको वृद्धि र विकास हुने क्रममा एक सभ्य नागरिक बन्नका लागि गास, बास, र कपासलाई शिक्षा दीक्षाको अपरिहार्यता हुन्छ । शिक्षा दीक्षा सभ्य नागरिक बन्नका लागि नभई नहुने अभिन्न पक्ष भएकोले मानवीय जीवनयापनका क्रममा आवश्यक मानिन्छ । 'शिक्षा दीक्षा बिनाको मानिस पशुतुल्य हुन्छ' भन्ने सामाजिक कथनले पनि यसको अपरिहार्यतालाई पुष्टि गरेको पाइन्छ । सायमिले के कति शिक्षा दीक्षा प्राप्त गरे भन्ने कुराको अनुशीलन निम्नलिखित उपशीर्षकमा गरिएको छ ।

### २.५.१. अक्षराम्भ र प्रारम्भिक शिक्षा

शोधनायकले दिएको जानकारी अनुसार उनका बुवा पूर्णबहादुर मानन्धर ४ कक्षा सम्म मात्र पढेका तथा आमा घरमै साधारण लेखपढ गर्न सिकेकी थिइन् । सानोमा आमाले ग्वर: (काठे सिलोट) मा लेख्न सिकाएको, पढ्न सिकाएकोमा उनी गौरव गर्छन् ।

घरैमा अध्ययन गरिसकेपछि उनलाई बुवाले घर छेउकै मंगल स्कुलमा वि. सं. २०२२ मा भर्ना गरिदिएको कुरा उनी सम्झन्छन् । स्कुलमा सँगै पढ्ने साथीहरूभन्दा उनी तेजीलो दिमाग भएका विद्यार्थी थिए । त्यसैकारण उनलाई १ कक्षामा नपढाई यहाँको गुरुवर्गले एकै पटक २ कक्षामा भर्ना गरिदिएको कुरा शोधनायक जानकारी दिन्छन् ।

मंगल स्कुलमा २ कक्षा उत्तीर्ण गरेपछि अर्को स्कुलमा ४ कक्षामा भर्ना भए । तीन कक्षा उनलाई पढ्नै परेन । कक्षा ४ पछि  उनी एकैपटक ७ कक्षामा भर्ना भए र ७ कक्षादेखि १० सम्म नियमित नेपाल आर्दश हाइस्कुलमा पढेर त्यहीबाट २०३१ सालमा S.L.C. उत्तीर्ण गरेको कुरा शोधनायक बताउँछन् ।

### २.५.२. उच्च शिक्षा

शोधनायकका अनुसार त्यतिखेर इन्जिनियरिङ् पढ्ने लहर चलेको थियो । एस. एल. सी. उत्तीर्ण गरिसकेकाहरुले फेरि टेष्ट परीक्षा दिनुपर्थ्यो । टेष्ट परीक्षा उत्तीर्ण भएपछि अर्न्तवार्ता दिनुपर्थ्यो । उनले इन्जिनियरिङ मा दर्खास्त हालेर पछि पब्लिक युथ क्याम्पसबाटै एम. बी. ए. गरे ।

स्नेह सायमिले बजार शास्त्र र उत्पादन सम्बन्धी पनि तालिम लिए । पछि सन 2002 (२०५८) मा काठमाडौं विश्वविद्यालयबाट इ. एम. बी. ए. उत्तीर्ण गरेको कुरा यस शोधकर्तालाई शोधनायकले बताएका थिए ।

## २.६. विवाह र परिवारिक अवस्था

वि. सं. २०३४-२०३६ मा स्नातक तहमा शंकरदेवमा अध्ययनरत रहँदा दिउँसो घर छेउकै स्कुलमा गणित विषय पढाउने प्रस्ताव आएको कुरा शोधनायक बताउँछन् । त्यसपछि अस्थायी शिक्षकका रुपमा विद्यामन्दिर निम्नमाध्यमिक विद्यालयमा अध्यापन गराउन पुगे । यस स्कुलमा लक्ष्मी माली भन्ने एकजना शिक्षिका पनि अध्यापन गराउँदै थिइन् । स्नेह सायमि र लक्ष्मी मालिको त्यहि भेट भयो र भेट भएको ६ वर्षपछि अर्थात् वि. सं. २०४० फागुन ७ गते वैवाहिक बन्धनमा बाधिँएको कुरा शोधनायकले बताउँछन् ।

स्नेह सायमि द्वारे परिवारमा जन्मिए पनि पारिवारिक अवस्था कमजोर भएको कुरा उनी बताउँछन् । यसैगरी नेवार समुदायमा जन्मेका र उनको पारिवारिक पृष्ठभूमि परम्परित, धार्मिक र सामाजिक आदर्शका आडमा रहेको कुरा शोधनायक बताउँछन् ।

मानवीय जीवनमा जन्म, विवाह र मृत्यु गरी तीन शाश्वत पक्षहरु रहेका हुन्छन् । स्नेह सायमि र लक्ष्मी मालीको दाम्पत्य जीवन सुखी नै देखिन आउँछ । लक्ष्मी मालीले पनि कविताहरु रचना गर्ने गरेको, शिक्षिका हेडमास्टरको रूपमा रहेको र हाल पारिजात स्मृति केन्द्रकी अध्यक्ष रहेको कुरा श्रीमती लक्ष्मी मालीले बताएकी छन् । उनका दुईवटा छोरा-छोरी रहेका छन् । छोरा अनुरूप मान्नधर र छोरी अस्मीता मान्नधर । छोराले बायोटेक्नोलोजीमा मास्टर्स गरेको, रिसर्च अफिसरको जागिरे र छोरीले बेलायतमा मानव अधिकार र संस्कृतिको विषयमा स्नातकोत्तर गर्दै गरेको र The Republic की पूर्व रिर्पोटर रहेको कुरा शोधनायक बताउँछन् ।

## २.७. बसोबास र आजिविका

स्नेह सायमि लामो समयसम्म नैकापमा नै रहे । हाल काठमाडौं १३ रविभवन रातोघरमा बसोबास गर्छन् ।

आमा बुबाको परिवार ठूलो भएकाले गर्दा परिवार प्रतिको दायित्वबोध गर्ने उनी घरको तेलपेल्ने कोल, तेल मिल पसल सञ्चालनमा सहयोग गर्ने कुरा बताउँछन् । शिक्षक पेशामा अस्थायी रूपमा २ वर्ष काम गरेका उनले स्थायी गर्ने सम्झौता भए पनि शिक्षक पेशामा रहन नचाहेको कुरा शोधनायकले यस शोधकर्तालाई जानकारी दिएका थिए ।

भाइहरूलाई एक-एक वटा उद्योग स्थापना गरिदिई औद्योगिक घराना सञ्चालन गर्ने कल्पना स्नेह सायमि गर्थे । तर, भाइहरू र बुवाको चाहना फरक भएपछि आफूले व्यवस्थापन विशेषज्ञ र मिडियाको माथिल्लो तहमा रहेर काम गरी आजिविका चलाएको कुरा शोधनायक बताउँछन् ।

## २.८. भ्रमण

भ्रमणको मौका पनि नछाड्ने र अन्य नेपालीहरू जस्तै भ्रमणको योजना नबनाउने कुरा शोधनायक बताउँछन् । नेपाल घरेलु तथा साना उद्योग संघको संस्थापक महासचिव रहेको बेला देशभरीका घरेलु तथा साना उद्यमीहरूलाई सङ्गठित बनाउन देशका सबै प्रमुख जिल्लाहरूमा घुम्नु परेको कुरा उनी बताउँछन् ।

उनी भन्छन्, नेपाल उद्योग वाणिज्य महासंघ ठूला व्यपारीहरूको हातमा रहेको र त्यस संस्थाले घरेलु तथा साना उद्यमीहरूको हकहितको रक्षा नगर्ने हुनाले हाम्रो छुट्टै संस्था हुनुपर्छ भन्ने जिकिरका साथै देशका अधिकांश जिल्लाहरूमा सङ्गठन विस्तार गर्नुपर्‍यो र यही नै मेरो देश दर्शनको माध्यम हुन गयो ।

स्वास्थ्य मन्त्रालय अर्न्तगत स्वास्थ्य-संचार नीतिनिर्माण कार्यदलको अध्यक्षको हैसियतमा वा संचार मन्त्रालयको न्युनतम पारिश्रमिक निर्धारण समीतिमा रहँदा मुलुकको अधिकांश मिडियामा अनुगमन गर्दा पनि देश दर्शनको मौका मिल्यो । त्यस्तै व्यवसायिक संस्थागत र व्यक्तिगत यात्राको क्रममा विशेषज्ञ प्रतिनिधि प्रस्तोताका रूपमा भारत, चीन, थाइल्याण्ड, जापान, अमेरिका, जर्मनी, रुस, कतार, दुबई, इटली, फ्रान्स, सिंगापुर, अष्ट्रेलिया आदि मुलुकहरूमा भ्रमण गरेको कुरा शोधनायकले यस शोधकर्तालाई बताएका थिए ।

## २.९. रुचि र स्वभाव

नवजात शिशुले वैभवशाली धर्तीमा जन्म लिएपछि उसमा आमा काखबाट जीवनजगत्का बारेमा जान्ने उत्सुकता र रुचिको विकास हुदैं जानु स्वभाविक हो । पारिवारिक वातावरणमा हुर्किएको बालक समाजमा छुट्टै विशेषताका साथ परिचित बन्न पुगेको हुन्छ ।

कवि सायमि साहित्यिक, राजनीतिक गतिविधिका साथै व्यवसायमा समेत रुचि राख्ने गर्दछन् । उनी साहित्यिक, व्यवसायिक पत्रपत्रिका पढ्नमा पनि उत्तिकै रुचि राख्ने कुरा उनकी श्रीमती लक्ष्मी माली बताँउछिन् ।

स्नेह सायमि गम्भीर स्वभावका देखिन्छन् । सुगठित जीउडालका कवि सायमि जीवनको ५४ औं वसन्तमा पुगेका छन् । आफूसँग भेटघाट गर्न आउँने जुनसुकै स्तरका आगन्तुकहरूलाई मन, वचन र कर्मले सेवा गर्ने भावनाबाट प्रेरित देखिन्छन् । सामाजिक सदव्यवहारमा अत्यन्त सजग कवि सायमि सामाजिक विसङ्गति र विकृतिको विरोध गर्दै सुधारका लागि सुझाव-सल्लाह दिने प्रवृतिका देखिन्छन् ।

## २.१०. सम्पादन तथा प्रकाशन

कवि सायमिले प्रतिभा मासिक गोजिका २०३७ साल देखि २०४५ सालसम्म प्रकाशन । सोहि प्रतिभा पछि बाल प्रतिभाको रुपमा सम्पादित भएको कुरा शोधनायक बताउँछन् ।

## २.११. सम्मान तथा पुरस्कार

सानै देखि साहित्यिक लेखहरू लेख्न रुचाउने सायमिले सम्मान पाउने भन्दा सम्मान गर्ने तिर बढी उन्मुख भएको जानकारी दिन्छन् । उन्नाइस वर्षको उमेरमा लेखिएको पहिलो कविता सङ्ग्रह 'चौतारो बोाल्यो' बाट अन्तरक्याम्पस कविता प्रतियोगीताहरूमा पुरस्कृत भएको कुरा शोधनायकले यस शोधकर्तालाई जानकारी दिएका छन् ।

## २.१२. प्रकाशित कृति र लेख रचनाहरू

### २.१२.१. प्रकाशित कृति

| क.स. | कृति | विधा | प्रकाशक | प्रकाशित मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | चौतारो बोल्यो | कविता सङ्ग्रह | राजन कार्की परिचय प्रकाशन काठमाडौं | २०३६ | |
| २ | पुल र पर्खालहरू | कविता सङ्ग्रह | सिर्जना चैत्र ३ काठमाडौं | २०६३ | |

### २.१२.२. पत्र पत्रिकाहरूमा प्रकाशित लेख रचनाहरूको सूची

| क्र.स. | शीर्षक | पत्रिका | वर्ष/अङ्क | साल |
|---|---|---|---|---|
| १. | विकासको सरल नीति | अन्नपूर्ण पोष्ट (दैनिक पत्रिका) | - | २०६० |
| २. | राष्ट्र प्रेम र अर्थतन्त्र | अन्नपूर्ण पोष्ट (दैनिक पत्रिका) | - | २०६० |
| ३. | पुल र पर्खालहरू मा स्नेह | कान्तिपुर (दैनिक पत्रिका) | - | २०६२ |
| ४. | पुल र पर्खालहरू अङ्ग्रेजीमा | नागरिक | - | २०६२ |
| ५. | स्रष्टाले सबैलाई रिझाउन सक्दैन | जनएकता | - | २०६२ |
| ६. | सांस्कृतिक कर्मीहरू नै राष्ट्रियताप्रति सचेत | कान्तिपुर (दैनिक पत्रिका) | - | २०६३ |
| ७. | व्यवस्थापन सम्बन्धि महत्वपूर्ण कुराकानी | समाचारपत्र | - | २०६४ |
| ८. | गुरूकुलमा सायमिका कविता | अन्नपूर्ण पोष्ट (दैनिक पत्रिका) | - | २०६४ |
| ९. | सायमिको एकल कविताावाचन | नयाँ पत्रिका | - | २०६४ |
| १०. | पारिजातसँगका क्षणहरू | कान्तिपुर (दैनिक पत्रिका) | - | २०६४ |
| ११. | दर्शक खित्के पेट मिचिमिचि | राजधानि (दैनिक पत्रिका) | - | २०६५ |
| १२. | पारिजातको नाममा हेटौँडा पुग्दा | कान्तिपुर (दैनिक पत्रिका) | १४/२६ | २०६६ |
| १३. | ठूलो भारतलाई सानो सुझाव | जनएकता | - | २०६६ |
| १४. | नेवाःराज्यमा ब्राह्मणको हालीमुहाली | साँघु | २७/२ | २०६६ |
| १५. | जुत्ता | सोलु समाचार | - | २०६७ |
| १६. | अमेरिका अमेरिका | कान्तिपुर(दैनिक पत्रिका) | - | २०६८ |
| १७. | इन्धन ओहासी र आयल निगम | कान्तिपुर(दैनिक पत्रिका) | - | २०६९ |

## २.१३. निष्कर्ष

स्नेह सायमि नेपाली साहित्यको कविता विधामा कलम चलाउने व्यक्तिका रूपमा चिनिन्छन् । काठमाडौँ जिल्लाको नैकाप गा. वि. स. मा जन्मेका सायमि अध्यापन कार्यका साथै साहित्य साधना प्रति पनि उत्तिकै प्रतिबद्ध देखिन्छन् । विद्यार्थी अवस्थादेखि नै सायमिको राजनीति र साहित्यमा उत्तिकै अभिरुचि रहेको पाइन्छ ।

विद्यार्थी जीवनदेखि आजसम्मको साहित्यप्रतिको स्नेह र क्रियाशीलताले सायमिको साहित्यिक यात्रा अगाडि बढेको देखिन्छ । आफ्नो कविता यात्रामा हालसम्म प्रकाशित भएका कृतिहरू **चौतारो बोल्यो** (कविता सङ्ग्रह २०३६), **पुल र पर्खालहरू** (कविता सङ्ग्रह २०६३) रहेका छन् । राजनीतिक, साहित्यकार र सामाजिक क्षेत्रमा रहेका कवि सायमिको व्यक्तित्व सबै क्षेत्रमा गतिशील रहेको पाइन्छ । सामाजिक/राजनीतिक विसङ्गतिहरूलाई कविताको विषयवस्तु बनाउन रुचाउने कवि सायमि आफ्नो कविता मार्फत स्वाभाविक, सरल र सरस ढङ्गले सामाजिक सुधारको सन्देश प्रस्तुत गर्न सिपालु देखिन्छन् । यसरी साहित्यकार सायमिलाई नेपाली साहित्यको कविता विधामा कलम चलाउने व्यक्तिका रूपमा लिन सकिन्छ ।

# तेस्रो परिच्छेद

# स्नेह सायमिको व्यक्तित्व

## ३.१. बिषय प्रवेश

कुनै पनि व्यक्तिका व्यक्तिगत एवम् सामुहिक काम र दिनचर्याबाट नै व्यक्तिगत निर्माण भईसकेको हुन्छ । कसैको पनि व्यक्तिगत अध्ययन गर्नका लागि उसले सामाजिक, सांस्कृतिक, ऐतिहासिक, साहित्यिक क्षेत्रमा खेलेको भूमिकाको मूल्याङ्कन गर्ने काम गरिन्छ । व्यक्तिगत वंशपरम्परागत जैविक वृत्ति-पुञ्जका रूपमा सिर्जित हुन्छ । शिक्षा दीक्षा समृद्ध बन्दछ (शर्मा, २०३९: ३९) । यस्ता व्यक्तित्वहरूलाई मूलतः निजी व्यक्तित्व र सार्वजनिक व्यक्तित्व गरी दुई भागमा राखेर अध्ययन गरिन्छ । निजी व्यक्तित्व मानिसको शारीरिक बनावट, स्वभाव, आचरण, बानी-व्यवहार, लवाई, खवाईजस्ता नितान्त व्यक्तिगत अभिरूचिले निर्धारण गर्दछ । यसमा पनि बहिर्मुखी र अन्तर्मुखि गरी दुई पाटा हुन्छन् । बर्हिमुखी व्यक्तित्व विशेषतः रूपात्मक हुन्छ अर्थात शारीरिक बनावटसँग सम्बन्धित हुन्छ । अन्तर्मुखि व्यक्तित्व स्वभाव, आचारण, प्रवृति र चिन्तन मननजस्ता प्रत्यक्ष नदेखिने तथा अनुभव गर्न नसकिने हुन्छ। यसरी दुई किसिमबाट नै व्यक्तिको व्यक्तित्व निर्माण हुने गर्दछ।

यसका विपरीत व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामाजिक मानमर्यादाको परिधिमा रही समाज र राष्ट्रको हितका लागि साहित्यिक, धार्मिक, राजनीतिक तथा सामाजिक आदि क्षेत्रमा दिएका सकारात्मक योगदानले सामाजिक व्यक्तित्वको निर्माण गरेको हुन्छ । कवि सायमिको जीवनमा विशेष महत्त्व राख्ने विविध घटना, प्राप्त शिक्षा तथा आर्जित गुण एवम् अनुभव आदिले उनको व्यक्तित्वका अनेक पक्षहरूको सृजना गरेका छन् । ती सबैमा सायमिको व्यक्तित्वको प्रभाव रहेको हुन्छ । सरल, सहज र मिलनसार स्वभाव तथा लगनशील, अध्ययनशील एवम जिज्ञासु प्रवृत्तिको भएकाले सायमिको जीवनमा उत्तरोत्तर अवसर प्राप्त हुदैं आएका छन् । हाल ५४ औं वसन्त टेकिसकेका कवि सायमिको जीवनयात्रामा देखिएका व्यक्तित्वका विभिन्न पक्षको अनुशीलन तलका उपशीर्षकमा गरिएको छ ।

## ३.२. स्नेह सायमिको व्यक्तित्व

रूप, आकार, प्रकार, रुचि, स्वभाव, आचारण र प्रवृतिहरूले नै व्यक्तिको शारीरिक तथा भौतिक व्यक्तित्व निर्माण गरेको हुन्छ । यस आधारमा व्यक्तित्वलाई बाह्य र आन्तरिक गरी  दुई भागमा बाँडी अध्ययन गरीन्छ ।

### ३.२.१. बाह्य व्यक्तित्व

शारीरिक बनावटका दृष्टिले लगभग पाँच फिट नौ इन्च अग्ला देखिने कवि स्नेह सायमि मझौला आकृतिका देखिन्छन । गहुँगोरो वर्णका देखिने 'सादा जीवन उच्च विचार' भएका सायमिको व्यवहार भद्र देखिन्छ ।

श्रीमती लक्ष्मी माली का जानकारी अनुसार, कवि सायमि आलस्य बानी मन पराउँदैनन् । 'समय सर्वाधिक बलवान् ठान्ने' कवि सायमि समयको सदुपयोगमा बढी ध्यान दिन्छन् भने आज गरिहाल्नुपर्ने कुनै पनि काम टार्न पनि मन पराउँदैनन् । अध्ययन, मनन र चिन्तनका अतिरिक्त व्यवहारिक क्रियाकलापमा संलग्न हुनु कवि सायमिको वैयक्तिक विशेषता हो । सरल र सहज व्यवहार एवं मिलनसार कवि सायमिका विशेष गुणहरू हुन् भन्ने कुरा लक्ष्मी माली नै बताउँछीन् । जब उनले आफ्नो सरलपनाको फाईदा उठाई नजायत काम गरेको महसुस गर्छन । अनि अत्यन्तै कडा रुपमा पेश हुन्छन् । उनी व्यवस्थापन विशेषज्ञ भएका नाताले मानिसहरूको मसिनो व्यवहार बारे पनि ख्याल गर्दछन् । काम, नाम र दामको ठगीको विरूद्धमा आफू भएको कुरा शोधनायकले यस शोधकर्तालाई बताएका थिए ।

सफलता र विफलता, सुख र दुःख, आँशु र हाँसो जस्ता मानवीय संवेदनाहरुलाई स्वभाविक ढङ्गले स्वीकार गर्न सक्नु नै सफल मानिसको परिचय मान्ने कवि सायमि सत्य नै मानिसको अन्तिम र परम कर्तव्य भन्ने कुराका पक्षधर देखिन्छन् । परिश्रमी, सहयोगी, स्वाभिमानी, अध्ययनशील, भलाद्मी बौद्धिक क्षमताजस्ता प्रवृत्तिले कवि सायमिको आन्तरिक व्यक्तित्वलाई पनि प्रष्ट पारेको देखिन्छ ।

### ३.२.२. आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्वलाई पनि विभिन्न व्यक्तित्वहरूमा बाँडी निम्नलिखित उर्पशीर्षकमा अनुशीलन गरिएको छ ।

### ३.२.२.१. साहित्यिक व्यक्तित्व

कवि स्नेह सायमिको नेपाली साहित्य याात्राको प्रिय विद्या नै कविता विधा हो । वि. सं. २०३६ सालमा एकैचोटी 'चौतारो बोल्यो' कविता सङ्ग्रह प्रकाशित भएको देखिन्छ । विभिन्न पत्र पत्रिकाहरूमा साहित्यिक, व्यवसायिक लेख रचनाहरू पनि प्रकाशित भएका छन् भने, वि. सं. २०६३ सालमा 'पुल र पर्खालहरू' कविता सङ्ग्रह पनि प्रकाशित भएको देखिन्छ ।

यसरी कवि सायमिको साहित्यिक यात्राको पाटो अगाडि बढेको भए तापनि कविता सिर्जना गर्ने अभिरुचि भने निरन्तर अगाडी बढेको देखिन्छ । कवि सायमिका कविताको विषय राष्ट्रिय क्षेत्रमा देखापरेका विभिन्न सामाजिक, राजनीतिक, आर्थिक, विकृति-विसङ्गतिहरुलाई व्याङ्ग्यात्मक ढङ्गले तीव्र विरोध र सुधारको अपेक्षा राख्ने किसिमको हुन्छ ।

### क) कवि व्यक्तित्व

साहित्यिक विद्यामा कविताबाट उनी बढि परिचित छन् । हुन त उनले गीतहरू पनि प्रशस्तै लेखेका छन् र कतिपय गीतहरू पुराना नयाँ गायकहरूले गाएका पनि छन् । तर पनि उनी आफूलाई कविता विधा नै आफ्नो विधा भएको ठान्छन् । उनको नजरमा सबै विधा काव्यमा आधारित भएको कुरा शोधनायक जानकारी दिन्छन् ।

### ख) संस्मरण र निबन्धकार व्यक्तित्व

आफुले भोगेका पिडा र विसङ्गतिले अति नै पिर्न थालेपछि सायमि निबन्ध लेख्यछन् उनका अधिकांश निबन्धहरू नेपाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित छन् । जस्तै : समय, उसको गोठ आदि । संस्मरण पनि लेख्ने कुरा शोधनायक बताउँछन् । उनको निबन्धमा कुनै मधुमासको कथा हुदैन, कुनै सुन्दर बगैंचाको बयान हुदैन । हुन्छन त उत्पीडित जनहरूको

पक्षमा आफु लाई उभ्याएर लेखिएको अत्याचार र अन्यायका विरूद्धमा पंक्तिबद्ध अक्षरका जुलहाहरू भनेर शोधनायकले यस शोधकर्तालाई बताएका थिए ।

### ग) मुक्तक / गाउँ खाने कथाकार व्यक्तित्व

उनी काव्यमा एक लाइन देखि ५/६ लाइन सम्म गाउँ खाने कथाको स्वरूपमा मुक्तक लेख्छन् । र यो उनको आफ्नै भिन्न शैली भएको कुरा शोधनायक बताउँछन् । अन्य मुक्तकमा जस्तो साह्रै अनुप्रास मिलाइएको पनि हुदैन तर एक लाइन मात्र सुन्दा पनि मुटु घोचेरै जान्छ,

जस्तै :-

जब थिएन रातोघर उनीहरु आफै राता थिए ।

जब बनाए रातोघर उनीहरु पेहोंलिँदै गए ।

### घ) कथाकार व्यक्तित्व

उनी अन्य गोप्य नामहरूमा कथा लेख्ने कुरा यस शोध कर्तालाई बताएका छन् । यी कथाहरू उनी कथाकार हुन या नामका निम्ति लेख्दैनन् । यसकारण लेख्छन कि त्यो कथाले समाजका मुकुण्डो धारी सम्मानित व्यक्तिहरूको नकाव उर्तान मद्धत गरोस् । यसरी उनका कथाहरू मधुपर्क पत्रिकामा 'उसको कथा' जस्ता शिर्षकहरू रहेका छन् । विभिन्न नाममा विभिन्न पत्र पत्रिकाहरूमा छरिएर रहेको कुरा शोधनायकले दिइएको जानकारीमा पाइन्छ ।

## ३.२.२.२. सम्पादक व्यक्तित्व/प्रकाशक व्यक्तित्व

स्नेह सायमिको लेखन सँगसँगै साहित्यिक पत्रिकाको सम्पादन कार्य पनि उल्लेखनीय छ । वि. सं. २०३३ सालमा विद्यार्थी जीवनमै 'प्रतिभा' नामक मासिक गोजिका (गोजिमा अटाउने पत्रिका) को सम्पादक/प्रकाशक थिए । वि. सं. २०३६ देखि २०४४ सम्म यस पत्रिकाको प्रकाशन भयो । उक्त **गोजिका** तत्कालिन नाम चलेका देखि नवप्रतिभा साहित्यकारहरूले स्थान पाएका थिए । तुलसी दिवस, भीमबहादुर बिष्ट, शार्दुल भट्टराई, हरिगोविन्द लुइटेल आदि सयौं साहित्यकारहरूको लेख रचना 'प्रतिभामा' प्रकाशित भएको

कुरा शोधनायक बताउँछन् । त्यो बाहेक 'बेदना' साहित्यिक मासिकलाई सहयोग गर्ने श्रमजीवी पारदर्शी नामक विभिन्न संघसंस्थाबाट प्रकाशित पत्रिका र बुलेटिनको पनि सम्पादन गरेको कुरा शोधनायकले यस शोधकर्तालाई बताएका थिए ।

### ३.२.२.३. साहित्यिक कार्यक्रमको संयोजन

वि. सं. २०४४ देखि नै 'प्रतिभा प्रवाह' नामक साहित्यिक कार्यक्रमको संयोजन भएर कविता, कथा, निबन्ध लेख्ने लेखकहरूलाई जुटाएर मासिक रूपमा साहित्यिक कार्यक्रहरू गरेको कुरा सायमि बताउँछन् । कहिले कविता विशेष, कहिले कथा विशेष त कहिले निबन्ध विशेष गरेर ती साहित्यकारको कृतिहरू तीनजना समालोचकले समालोचना गर्ने व्यवस्था मिलाउँथे ।

'प्रतिभा प्रवाह' यस पुस्ताका साहित्यकारहरूको लेखन सिक्ने र सिकाउने एउटा मञ्च थियो । 'प्रतिभा प्रवाहको' अधिकांश कार्यक्रमको मुख्य अतिथि पारिजात भएको कुरा शोधनायक जानकारी दिन्छन् ।

## ३.३. साहित्येतर लेखन

स्नेह सायमि अर्थ लेखन कार्य पनि गर्दछन् । देश विदेशमा भइरहेको घटना, राजनैतिक, सामाजिक, मिडिया, अर्थतन्त्र आदि विषयमा बेला बखत लेख लेख्ने कुरा सायमि बताउँछन् । विशेषतः मुलुकको अव्यवस्थालाई सुधार्ने विकल्प सहित लेख्ने गरेको कुरा शोधनायक बताउँछन् ।

## ३.४. विभिन्न संघ संस्थामा आबद्धता

स्नेह सायमिले पेशागत रूपमा व्यवस्थापनको कार्य गरेका छन् । विभिन्न संघसस्थाको उच्च पदमा रहेर उनले अहिले पनि काम गरिरहेका छन् । घरको परम्परागत व्यवसायको व्यवस्थापन गरेर हुर्केका स्नेह सायमि पछि मानसरोवर प्रा. लि., अर्न्तकृया प्रकाशन प्रा. लि., हिमाल मिडिया, नयाँ पत्रिका, राजधानी लगायतका नीजि, विदेशी, गैह्र सरकारी संस्थाको व्यवस्थापक/व्यवस्थापन विशेषज्ञको रूपमा कार्यरत छन् ।

नेपाली साहित्यका मूर्धन्य साहित्यकार पारिजातका नाममा स्नेह सायमि र श्रीमती लक्ष्मी मालीले मिलेर पारिजात कला सम्मानको स्थापना गरेको कुरा शोधनायकबाट जानकारी पाइन्छ ।

प्रत्येक वर्ष कलाको कुनै पनि विद्यामा योगदान दिने कलाकारलाई पारिजात स्मृति दिवसको अवसर पारेर सो सम्मान गर्ने गरेको कुरा शोधनायकले यस शोधकर्तालाई जानकारी दिएका छन् ।

## ३.५. निष्कर्ष

स्नेह सायमि सृजनशील सक्रियताका साथै राजनीतिक, सामाजिक व्यक्तित्वका रूपमा चिनिन्छन् । छात्रजीवनदेखि सृजनशीलतामा क्रान्तिकारी स्वर उजागर गर्ने सायमिको कवि व्यक्तित्व सशक्त नभई शिथिल हुँदै आएको देखिन्छ । विभिन्न विषयसँग सम्बन्धित कविता सिर्जना गर्ने उनका कविताहरूमा हत्या-हिंसाको विरोध, अत्याचार र भ्रष्टाचारको तीव्र विरोध भेटिन्छ ।

सायमिको कवि व्यक्तित्व मात्र नभई कुशल शिक्षक, व्यवस्थापक व्यक्तित्व, कथाकार व्यक्तित्व, सम्पादन व्यक्तित्व जस्ता व्यक्तित्वहरू उनमा रहेको देखिन्छ । स्नेह सायमि पेशागत रूपले व्यवस्थापक हुन् भने लेखनमा कविका रूपमा स्थापित छन् ।

# चौथो परिच्छेद

# स्नेह सायमिको कृतित्व

## ४.१. विषय प्रवेश

वि.सं. २०१६ माग १ गते जन्मेका स्नेह सायमिले साहित्य लेखनतर्फ समालोचनात्मक व्यवसायिक कृतिहरू रचना गरेतापनि उनको मुख्य योगदान चाँहि कविता विद्यामा देखिन्छ । उनका दुईवटा कविता सङ्ग्रह **चौतारो बोल्यो** (२०३६) र **पुल र पर्खालहरू** (२०६३) प्रकाशित भएका छन् भने उनका समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् ।

सायमिको **चौतारो बोल्यो** (२०३६) कवितामा चौतारो त्यस्तो ठाँउ हो, जहाँ भावना र विचारले समेटिएको हुन्छ, दुःख र रोदनलाई समेटिएको हुन्छ । तर, आडम्बर देखाउने व्यक्तिहरुका लागि होईन । आडम्बर जहाँ देखाइन्छ त्यहाँ विश्वास गर्ने ठाउँ हुदैन । विश्वास र असल व्यवहार को प्रपञ्च मिलाउने ठाउँ नै चौतारो हो भन्नेकुरा शोधनायकले शोधकर्तालाई बताएका छन् । उनको **पुल र पर्खालहरू** (२०६३) कविता सङ्ग्रहमार्फत मान्छे-मान्छे बिच नदेखिने अनेकौं पर्खालहरू ठडिँदै गएको घर, जात, धर्म, लिंग र देशका नदेखिने पर्खालहरू खडा भइसकेका तथा यसलाई सहज बनाउनको लागि पुल जोडनु पर्दछ भन्नेकुरा शोधनायकले यस शोधकर्तालाई बताएका छन् ।

स्नेह सायमिले लेखेका सम्पुर्ण कृतिहरूको सूची दोस्रो परिच्छेदमा नै प्रस्तुत गरिएको छ । यस परिच्छेदमा सायमिले लेखेको 'चौतारो बोल्या' (२०३६) र 'पुल र पर्खालहरू' ( २०६३) कविता सङ्ग्रहमा भएका कविताहरूलाई कविता तत्वका आधारमा विश्लेषण गरिएको छ ।

## ४.२. चौतारो बोल्यो कविता सङ्ग्रहको अध्ययन

### ४.२.१. पृष्ठभूमि

चौतारो बोल्यो कविता सङ्ग्रह (२०३६) सालमा प्रकाशित कविता सङ्ग्रह हो । यसको प्रकाशकः राजन कार्की र परिचय प्रकाशन काठमाडौं हो । यस सङ्ग्रहमा साना-ठूला

गरी २९ वटा कविताहरू रहेका छन् । 'चौतारो बोल्यो' कविता सङ्ग्रहमा 'चौतारो बोल्यो' नामकै एउटा कविता रहेको छ । यस सङ्ग्रहको मूल्य रु १ र पृष्ठ सङख्या ३४ मात्र रहेको छ ।

## ४.२.२. कविता तत्त्वका आधारमा 'चौतारो बोल्यो' कविता सङ्ग्रहको अध्ययन

### ४.२.२.१. विषयवस्तु/भाव/विचार

चौतारो बोल्यो (२०३६) कविता सङ्ग्रह सायमिको पहिलो कविता सङ्ग्रह हो । यसमा जम्मा २९ वटा कविताहरू रहेका छन् । यस सङग्रहमा रहेका कविताहरू सामाजिक विषयवस्तुलाई समेटेर लेखिएका छन् । सामाजिक विषयवस्तुका साथै राजनीतिक र व्यावसायिक विषयवस्तुलाई अध्ययन गरि लेखिएका कविताहरू पनि यस सङ्ग्रहमा सङ्ग्रहीत छन् ।

यस सङ्ग्रहको भाव वा विचार पक्ष चौतारो त्यस्तो ठाँउ हो, जहाँ भावना र विचारलाई समेटिएको हुन्छ दुःख र रोदनलाई समेटिएको हुन्छ । तर, आडम्वर देखाउँने व्यक्तिहरूका लागि होइन । आडम्वर जहाँ देखाइन्छ, त्यहाँ विश्वास गर्ने ठाउँ हुदैन । विश्वास र असल व्यवहारको प्रपञ्च मिलाएको ठाँउ नै चौतारो हो । यहाँ ढुक्क र सुखको श्वास फेर्न पाइन्छ भन्ने भाव वा विचार पक्षलाई समेटिएको छ ।

यस सङ्ग्रहमा सायमि सामाजिक विषयवस्तु माथि केन्द्रित रहेर कविताहरू कोरेका छन् । यसमा सङ्कलित कविता पढ्दा-पढ्दै कता-कता मुटुमा नजानिदो तवरसँग पारखी हातले झैँ चस्का मार्न उनी सफल देखिन्छन् ।

जस्तै :

नयाँ लाहुरेको धन सम्पत्ती र भी. सी. तक्मालाई लिएर बोल्छु भन्थे
तर, उसको लङ्गडो खुट्टा, अन्धो आँखा र नपुंसकतालाई लिएर बोल्यो
चौतारो-
साहिँलाको चार वर्षे छोरो भोकै मर्दा बोल्यो
माहिलाको घरजग्गा लुटिएपछि बसाई सर्दा बोल्यो । (पृ-२)

माथिको अंशमा चौतारो त्यहाँ बोल्छ जहाँ धन सम्पत्ती होइन निर्दा, अपाङ्ग मान्छेमाथि बोल्छ । जहाँ पिडा र आशुको भेल बग्दछ, त्यहाँ बोल्दछ चोतारो भन्ने कुरा 'चौतारो बोल्यो' कविताबाट प्रष्ट हुन्छ ।

सामाजिक विषयवस्तुलाई लिइएर व्यङ्ग्य गर्न सिपालु सायमि समाजको दुःख, दर्द र रोदनमा शुरुदेखि अन्तसम्म बोल्छन् । समाजलाई मिठो र तीखो किसिमले व्यङ्ग्य गरेका छन् ।

जस्तै :

महानवाणी र सिद्धान्तको पर्चा छरी हिड्ने मान्छे
अत्याचार र भ्रष्टाचारको ओडारमा पिल्सिरहेको हुन्छन,
विकास र प्रगतिको चर्चा गरि हिडन् मान्छे,
मान्छे कै कालो बजारमा सस्तै विकिरहेको हुन्छ । (पृ-६)

यस अंशमा कोरिएका शब्दहरूले मानवताको कतै पनि कदर गरेको छैन । केवल दानवताको महत्त्वलाई झल्काइरहेको छ । राम्रो भावना र उदारवादी विचारमा लाग्ने मान्छेहरूको जहिले पनि खुट्टा तान्ने मान्छेको कमी छैन राम्रो बोली र सिद्धान्त दिने मान्छेहरू नै अत्याचार र भ्रष्टाचारको सिकार बन्नुपरेको छ । विकास अनि प्रगति गर्ने मान्छे मान्छेकै कालो बजारमा बिकीरहेको कुरालाई माथीका अशंले छर्लङ्ग पारेको देखिन्छ ।

समाजमा देखिएका विकृति र विसङगतिको भण्डाफोर गर्ने सायमिको विचारहरूलाई आव्हान शीर्षक कविताले यसरी प्रष्ट पारेको छ :

सिस्नुको झाङ्मा मेरो जीवन अडेको छ ।
पहाड-कन्दरामा मेरो यौवन बितेको छ ।
त्यसैले यस्तो जसम्झ किए ! गाँउले बन्धुहरू
यो मनले रगत-पसीना बिर्सिसकेको छ ।

माथिका अंशले जस्तो सुकै परिस्थितिमा जीवन रहेता पनि कुना कन्दरमा कष्टकर जीवन बिताएर आफ्नो सुनौलो जोवानलाई तीलाञ्जली दिएता पनि कसैले पनि यस्तो

नसोच्नुकी आफ्नो स्वाभिमान र स्वतन्त्रता बिर्सिसकेको छ भनेर आदि जस्ता कुराहरूलाई माथिको अंशले छर्लङ्ग्याएको छ ।

समाज यस्तो भइरहेको छ जहाँ असल व्यवहारलाई भन्दा खराब व्यवहारलाई प्रोत्साहन दिएको छ । राम्रो र असल काम गर्ने व्यक्तिहरूभन्दा नराम्रो खराब काम गर्ने व्यक्तिहरूको बाहुल्यता बढी छ । यसैकारणले सायमिले प्रश्नवाचक (?) चिन्ह शीर्षक कवितामा यसरी व्यङ्ग्य गरेका छन् :

सत्यताको कदर नभएपछि
स्वतन्त्रताको लहर सुकेपछि
के आशा राख्ने ? कसलाई भरोसा गर्ने
बदमासको काम जति कदर भएपछि । (पृ-५)

प्रस्तुत अंशमा सत्य र न्यायको पक्षमा बोल्ने मान्छेको कुनै कदर छैन । हाम्रो समाजमा स्वतन्त्र भन्ने व्यक्ति पनि कोहि छैन, खाली अर्काको थिचो मिचो सहनुपरेको छ । आशा र भरोसा भन्ने कुरा कसैबाट पनि छैन । यहाँ कुव्यवहारको मात्र प्रशंसा हुन्छ र उसको बहुत समाजमा प्रशंसा र कदर हुन्छ । आदि कुराहरूलाई माथिका पक्तिंहरूले प्रष्ट पारेका छन् ।

राणाकालीन समयमा घटेका घटनाहरूलाई, तानाशाही प्रवृत्तिलाई र ठूला मान्छेले साना मान्छेलाई गर्ने व्यवहार तथा मालिकले कामदार प्रति गर्ने व्यवहारलाई सायमिले यर्थाथता शीर्षक कविताबाट यसरी व्यङ्ग्य प्रहार गर्दछन् :

चार वर्षको चाकरीपछि पाएको
एवं वर्षको अस्थाई नोकरी देखेर
साथीहरू भन्छन् मज्जाको जागीर पाइस् !
कसरी खाइस् ?
तर ..........
कस्लाई चाहा ?
मैले आधा तलब हाकिमलाई बुझाउने गरेको छु
प्रत्येक बिहान घर सम्म तरकारी पुरयाउने गरेको नु

त्यत्तिले पनि पुग्यो पुगेन शंकै छ,
त्यसैले तरुनी छोरीलाई सुसारे बनाई पठाइदिएको छु। (पृ -४)

यहाँ सायमिले मान्छेको बानी व्यवहार कति सम्म पनि निच हुन्छ, आफ्नो रात दिन गुजारा चलाउनको लागि पनी आफ्नो स्वतन्त्रता र स्वाभिमान बेच्न परेको छ। यो समाज यस्तो छ जहाँ शोषकहरूको हालि–मुहाली चल्छ शोषित चाँहि चुप लागेर बस्नुपरेको कुरालाई यथार्थता शीर्षक कविताले प्रष्ट पारेको छ।

समाजमा हुने गरेका रुढीवादी परम्पराको कटु यर्थाथता र ठूला मान्छेहरूको स्याहार सुसारमा तल्लिन रहँदा आफ्नो वेवास्था र बेहोसीलाई 'अन्त्येष्टीको माग' छ शीर्षक कविताले यसरी बोलेको छ :

मुखियाबालाई सञ्चो नहुदाँ म निको पार्ने धामी थिएँ
द्वारे बाजेलाई खुसी पार्ने म नामी भलाद्मी थिँए
सलामी दिँदा दिँदै, गुलामी गर्दा गर्दै जब म बिरामी भएँ
न मुखिया बाले हेरे ! न द्वारे बाजेले !
आफ्नो लाशको म आफैँ मलामी भएँ। (पृ-१०)

प्रस्तुत अशंमा ठूलाठालु मान्छेहरूलाई सम्मान र सेवा पुरयाउँदा पुरयाउँदै उनीहरूको गुलामी गर्दा गर्दै आफू बिरामी भएको वखत नत ती ठूला भनाउँदा मान्छेले हेर्छन नत मुखिया बाले र द्वारे बाजेले नै। अरूको गुलामी गर्दा गर्दै आफ्नो लाशको आफै मलामी बन्नु परेको कटु यर्थाथलाई यस कविताले प्रष्ट पारेको छ।

षड्यन्त्र नै षड्यन्त्रले गर्दा घर वरिपरिको वातावरण नै यस्तो भइसक्यो जहाँ आफू स्वतन्त्र भएर बाँच्ने आश छैन। घर वरिपरिको ठाउँ पनि जेल हुन थाल्यो। आफू र आफ्नो स्वाभिमान विर्सेजस्तो लाग्न थाल्यो भन्ने कुरालाई 'वातावरण' शीर्षक कविताले यसरी व्यङ्ग्य गरेको छ :

यो घरका हामी सबै जेलको कैदी जस्तो लाग्छ
किन्तु : देखिँदैन, यो पाखुरामा हतकडी छ जस्तो लाग्छ।

पाइला चाल्नु नै खेर जान्छ
हात हल्लाउनु नै बेकार हुन्छ
यो घरको वरिपरि फलामे बार जस्तो लाग्छ । (पृ-१२)

माथिका अंशबाट आफ्नो घर वरिपरिको वातावरणमा पनि षडयन्त्रै षडयन्त्र लुकेको छ, घर भित्रका मान्छेहरू पनि आफ्नो विचार र भावनामा अगाडि बढ्न सक्दैनन् । घर पनि जेल जस्तो बनेको छ, हात खुट्टाहरूमा हतकडी लागे जस्तो हुन्छ । यस्तो अवस्थामा पाइला चालेर अथवा यो षड्यन्त्रको प्रतिकार गरेर बोलौ भने पनि खेर जान्छ । आदि जस्ता कुरालाई हाम्रो समाजले कसरी पचाइराखेको छ, र शोषकहरूको अगाडि सिधा सिधा जनताहरू मुखदर्शक भएर बसेको कुरालाई यस कविताले स्पष्ट पारेको छ ।

प्रकृति पनि स्वार्थी बनेको छ । आफ्नो स्वार्थको परिपुर्ति गर्नका लागि आमा दीदी, बहिनी कसैको पनि अस्तित्वको सम्मान छैन । यो प्रकृतिको बयान गर्दा गर्दै पनि मैले ठूलो भूल गरेको छु, भन्ने कुरालाई सायमिले 'मेरो भूल' शीर्षक कविताका माध्यमबाट यसरी व्यङ्ग्य प्रहार गरेका छन् :

कञ्चन पानीको कणकणमा
मेरी आमाको रगतको मिश्रण छ ।
झरनाहरूको 'गुन गुनाहट' मा
दिदी बहिनीको 'चिच्याहट' छ (पृ-१३)

प्रस्तुत अशंमा सफा पानीमा पनि मेरी आमाको रगत मिसिएको छ, प्रकृति पनि यति निष्ठुरी छ आफ्नी धर्तीमाताको सम्मान, माया, दया छैन । कलकल बग्ने झरनाहरू यसरी बगिरहेका छन् तिनमा पनि दिदी बहिनी रोइरहेका छन्, भनेर सायमिले यस कवितामार्फत आफ्नो विचारलाई छर्लङ्ग पार्न खोजेका छन् ।

कुनै समय यस्तो पनि आउँछ जहाँ खुसी र सुखको बहार छाउँछ । त्यसैले सायमिले विहानलाई एउटा पवित्र मन्दिरजस्तो मानि 'विहान ल्याएँ' शीर्षकमा विहान यसरी आउँछ जहाँ विरह व्यथाका कुराहरू पनि आउँछन भनी कविताको माध्यमबाट यसरी प्रस्तुत गरेका छन् :

लेक, बेशी धाउँदै आँए
देउरालीमा नाच्दै आँए
तिम्रै दैलोमा विरह व्यथाका
बिलौनाहरू लिन आँए
तिम्रै दैलोमा विरह व्यथाका
बिलौनाहरू लिन आँए । (पृ-१४)

प्रस्तुत पक्तिंहरूमा विहान यसरी आयो जहाँ लेक, वेशीमा धाउँदै, देउरालीमा नाच्दै घर दैलोमा विरह व्यथाका बिलौनाहरू लिन र ति बिलौनाहरू पोख्न आएको कुरा यस कविताले स्पष्ट पारेको छ ।

यस सङ्ग्रहमा भएका कविताहरूमा छुट्टै-छुट्टै किसिमका विषयवस्तु समेटिएको छ । कतै सामाजिक कतै राजनीतिक त कतै व्यवसायिक । यसै सिलसिलामा एउटा कविताले नेपाली म हो कि हैन, नेपाली कसरी हुन सकिन्छ नागरिकताको प्रमाणबाट या अरू कुनै कुराबाट सायमिले 'शंकै लाग्ला' शीर्षकबाट आफ्नो विचार यसरी व्यक्त गरेका छन् :

म त कछाड मात्र लगाउन सक्ने मान्छे
नेपाली नै हो कि होइन ?
शायद उस्तैलाई त शंकै लाग्ला मेरो नागरिकतामा
किनकि,
मसँग दौरा सुरुवाल र कोट छैन ।
भलो गर्ने अठोट भन्दा,
धन-सम्पत्तिको ओत चाहिने ठाँउमा,
कसले दिन्छ भोट ?
जबकि
मसँग अरुहरूसँग झै बिट्टा बिट्टा नोट छैन
कु-कार्य गरेर जेल यात्रा गरिसकेको भन्ने कुनै खोट छैन । (पृ-१५)

यहाँ सायमिले नेपालीहरूको व्यवहारलाई प्रस्तुत गरेका छन् । नेपालीहरू नोट र भोटमा नै व्यस्त रहने प्रवृत्ति र दौरा सुरुवाल मा या नागरिकतामा नेपालीको पहिचान हुने कुरालाई यस कविता मार्फत प्रस्तुत गरेका छन् ।

मान्छे-मान्छे एक भए, मानव भएर मानवताको व्यवहार भए, आफ्नो स्वाभिमान जोगाउनको लागि सबै मानव एकजुट भए, सबैको एउटै विचार र भावना भए जनशक्तिको महासागर बग्छ र मात्र यहाँ विकास हुन्छ भन्ने कुरालाई 'विकास-पथमा गरि सञ्चालन जनशक्तिको' शीर्षक कविताबाट सायमिले व्यक्त गरेको विचार यहाँ प्रस्तुत छ :

मान्छेले मान्छे चिन्न सके देव हुन्छ त्यो,
मान्छेकै लागि मर्न सके अमर बन्छ त्यो,
के गरौँ म या देशको सामु एक्लो यो ज्यानको
डटौं विकास-पथमा गरि सञ्चालन जनशक्तिको । (पृ-१६)

प्रस्तुत अंशमा सायमिले मान्छेले मान्छेलाई चिन्न सक्यो भने त्यहि देवता बन्छ र यदि चिन्न सकेन भने त्यहि मानव दानव बन्छ । मान्छेले मान्छेलाई आफ्नो सोचेर एउटै भावना र विचारमा बगेर अघि बढ्न सकियो भने त्यहाँ असल जनशक्तिको निर्माण हुन्छ र विकास पथमा सजिलोसँग चढ्न सकिन्छ भन्ने कुरालाई यस अंशमा समेटिएको छ ।

सायमि समाजको दुःख र रोदनलाई समेटेर कविता कोर्न पछि परेका छैनन् । वि. सं. २०३६ साल भन्दा अघि समाजमा घटने घटना र समाजमा बस्ने मानिसहरूको सोझो प्रवृत्तिलाई मध्यनजर गरी उनी कविताहरू लेख्छन् । त्यसैगरी उनले 'हामी शीर्षक कवितामा यस्तै व्यवहारलाई यसरी प्रस्तुत गरका छन् :

जिभ्रो थुतेको 'लुते' मान्छेहरू हामी
चुपचापसँग बस्न सक्छौ ।
किनकि -
शान्तिक्षेत्रका नेपाली हामी
खुप सहन सक्छौँ । खुप सहन सक्छौँ । (पृ-३०)

प्रस्तुत अंशमा जतिसुकै दुःख कष्ट परेपनि जिभ्रो थुतेका मानिस जस्तो गरी नबोलेर नै बस्न सक्छौँ । यस्तो प्रवृत्तिले गर्दा हाम्रो समाजमा अन्याय गर्ने मान्छेहरूलाई सजिलो बनेको छ । आफ्नी आमालाई मार्दा बहिनीलाई यौन शोषणको सिकार बनाँउदा पनि हामी नबोली कसैलाई कुनै प्रतिकार नगरी, अन्यायको विरुद्धमा नबोली बस्न सक्छौ । तसर्थ हामी सबै समाजमा मानिस एकजुट भएर बोल्न सके अवश्यपनि असल समाजको निर्माण हुन्थ्यो । तब मात्र शान्तिक्षेत्र नेपाललाई बनाउन सकिन्थ्योकी भन्ने कुरा प्रस्तुत कविताबाट थाहा पाउन सकिन्छ ।

हाम्रो समाज अतिनै दर्दनाक स्थितिमा छ । सामाजिक जीवनमा व्याप्त रहेको गरिबी र अशिक्षाले गर्दा प्रत्येक सामाजिक जीवन जीर्ण बन्दै गएको छ । आफू बोल्न पनि नसक्ने र अरु बोलेको पनि राम्रो नमान्ने हाम्रो समाज गर्न र भन्न लागेको कुरा पनि ओठबाट निस्कन नसकेको 'गर्भपात' शीर्षकमा कवि आफ्नो भावना र बस्तुस्थिति यसरी चित्रण गर्छन् :

कागज र कलमको सहवास भयो
योजनाले फाइलमा गर्भधारण गर्‍यो
तर पाखुरी सम्म पुग्नै नपाई, कठै !
ओठबाटै तुहिएर मरयो । (पृ-३४)

उपर्युक्त पक्तिंमा कविले वर्तमान परिवेशमा प्रत्यक्ष रूपमा आफूले देखे-भोगेको यर्थाथ परिस्थितिलाई चित्रण गर्दै समाजमा नराम्रो व्यवहारमा गर्ने, समाज विखण्डन गराउन तल्लीन विखण्डनकारी मानवता विरोधी कुतत्वहरूले समाजमा हुन लागेको कामलाई पनि बिगारी ताण्डव नृत्य देखाएकोमा हामी सचेत हुनु पर्दछ भनि आग्रह प्रस्तुत कविताको हरफबाट गरेका छन् ।

कवि सायमिले सामाजिक विषयवस्तुलाई मात्र नसमेटेर व्यवसायिक विषयवस्तुमाथि पनि केन्द्रित रहेर कविताहरू कोरेका छन् । आर्थिक विपन्नतालाई सम्पन्न बनाउनका लागि जागिर खाएर पनि यो तलबले केही गर्न नपुगेको कुरालाई कवि 'जागीर' शीर्षक कवितामार्फत यसरी प्रस्तुत गर्छन् :

खिस्स हाँस्छु तलब थाप्दा के-के न पाए जस्तो
दुई चार दिनत मजै हुन्छ मानौँ कुबेर जस्तो
उधारो खाएको ऋण तिरेपछि, फेरि जस्ताको तस्तै
खै ! कस्तो ? कस्तो ? हो यो जागीर ?
काँचो इट्टाको पर्खालमा सिमेन्ट लगाए जस्तो । (पृ-३२)

यसरी सायमिले दुई छाक हातमुख जोर्नका लागि जागिर खाएर पनि आन्नदको श्वास फेर्न पाएको छैन । तलब थाप्दा पनि के के न पाए अथवा नपुगे जस्तो लाग्ने तर तलब थापिसकेपछि २/४ दिन मजै हुने र आफूलाई कुबेर सम्भने, उधारो खाएको ऋण तिरिसकेपछि फेरि जस्ताको तस्तै भएको त एउटा जागिरले राम्ररी खान, बस्न, जान केटाकेटी पाल्न नसकेर विदेशतिर धाउन परेको परिस्थितिलाई यस 'जागिर' शीर्षक कविताले जागिर दिनु छ भने खर्च कति हुन्छ यसलाई हेरेर मात्र दिनुपर्दछ भन्ने कुरा उल्लेख गरेको छ ।

व्यवसाय अथवा जागीर गर्नको लागि पनि ठूला मान्छेको सिफारिस चाहिने पढे लेखेर पनि पढाईको कुनै महत्त्व छैन । पढ्दा को खेतबारी पनि साहुले दिदैन । पढेर पनि रोजगार को लागि कुनै उपाय नभएको वस्तुस्थितिलाई 'खोजि, नयाँ प्रकाशको दरिलो विश्वासको' शीर्षक कवितामा सायमिले आफ्ना विचारलाई यसरी प्रस्तुत गर्छन् :

पढ्दा-पढ्दै आधा उमेर गयो,
भएको खेतबारी पनि साहुको हातमा पर्‍यो
त्यै खेतबारी लिउँला भनि,
बल्ल तल्ल खाएर जागीर पनि,
मन्त्रीको सिफारिस लिएर आउनेमा सर्‍यो ।
त्यसैले-
डिप्लोमा, डिग्रीका प्रमाण-पत्र,
पुच्छर लुकाई बसेको छ ।
मलाई मेरै विश्वासले पनि,
आजकल पत्याउन छाडेको छ । (पृ-२६)

प्रस्तुत अंशमा जागीर खान पनि मन्त्रिको सिफारिस चाहिने र सोभ्रा साभ्रा जनताले पढेर पनि कोहि काम नलाग्ने कुरालाई यहाँ प्रस्तुत गरिएको छ ।

कवि सायमि राजनीतिक विषयवस्तुलाई पनि मध्यनजर गरी कविता लेख्न सफल देखिन्छन् । कविको मनमा उब्जेको भावलाई साच्चैनै एउटा गाउँ, समाज र विशेष ठाँउको लहर बोकेको हुन्छ । गरीब जनता र अशिक्षाको भुमरिमा पिल्सिरहेकाहरूको लागि उनका कवितामा आवाज हुन्छ । दिन दुःखी दरिद्रको सम्मान हुन्छ । सबै कविता कोर्नेहरू कविता कोर्न मात्र सफल होइन, त्यो व्यवहार लागु गर्ने हो भने पनि एउटा असल र सजिव समाजको निर्माण हुन्छ भन्ने सन्देश सायमिले यस सङ्ग्रहमा सङ्गृहीत कविताबाट बोलेका छन् ।

सायमिले तानाशाही शासनको विरुद्धमा उठेर समाजमा हुने गरेका विकृति विसङगति अथवा अस्तित्वहिन व्यावहारहरूको यसै कविता मार्फत सबै जनतालाई पर्चा बाँडेका छन् । थोत्रा भाषणहरू ओकल्ने नेताहरूको लागि 'कथा एक शहीदको' शीर्षक कविताबाट यसरी व्यङ्ग्य प्रहार गरेका छन् :

तानाशाही शासनको विरोध गरेर हेर !
थोत्रो भाषण र भ्रुठो आश्वासनको अवरोध बनेर हेर !
देश विकास गर्ने तिम्रो अठोटलाई
उसले अभ्रै पनि-
हात दिनेछ । (पृ-७)

प्रस्तुत अंशमा हाम्रो देशका नेताहरूको चरित्र, तानाशाही शासन, देशको विकास गर्ने भन्दा देशलाई टुक्राउने, असल समाजको निमार्ण गर्ने भन्दा कुतत्त्ववादी प्रवृत्तिलाई भित्रयाउने, देशको दमन र दर्दानक स्थितिलाई सहन नसकी एउटा असल मानिस सहिद बनेको छ । सबैले उसलाई मर्‍यो भने तर उ हाम्रा रगतका सिर्का-सिर्कामा अभ्रै चलेको छ । देश विकास गर्ने कोहि छौ भने तिम्रो अठोटलाई/महानतालाई अभ्रै पनि शहीदले हात दिनेछ भन्ने कुरा माथिको अंश या यस कविताबाट प्रष्ट हुन्छ ।

### ४.२.२.२. संरचना र आयाम

'चौतारो बोल्यो' (२०३६) कविता सङ्ग्रहमा जम्मा २९ वटा कविताहरू सङ्गृहीत छन् । कवि सायमि का कविताहरू प्रगीतात्मक नै रहेका छन् । उनले लेखेका कविताहरू कतै मुक्त छन्दमा छन् त कतै गेयात्मक बनेका छन् । उनका कविताहरू गद्य र पद्य दुबै शैलीमा संरचित छन् । प्रत्येक कविताहरूको सरंचना छोटो-छोटो छ । लय र अन्त्यानुप्रास मिलेका कविताहरू पनि यस सङग्रहमा सङगृहीत छन् । उनले प्रगीतात्मक कवितामा प्रेम, प्रकृति तथा सामाजिक, राजनीतिक सन्दर्भहरू प्रत्यक्ष अनुभवको रूपमा प्रस्तुत गरेका छन् । कविले आफ्ना कवितामा अनुभूति र प्रवाहरूलाई क्रमबद्ध र व्यवस्थित गर्ने गरेको पाइन्छ । प्रगीतात्मक कवितामा कवि स्वयमका अनुभूति र विचारको अभिव्यक्ति रहने हुनाले उनका कवितामा पनि यो स्थिति पाइन्छ । कविताको अभिप्राय अनुरूप नै शीर्षक चयन भएको छ ।

यस कविता सङग्रहमा सबै भन्दा धेरै खण्ड भएको कविता 'कथा एक शहीदको' हो । यसमा ५ वटा खण्ड रहेका छन् । एउटै खण्डमा मात्र संरचित कविताहरू-आव्हान, यर्थाथता, प्रश्नावाचक चिन्ह (?), यस्तो भइरहेको हुन्छ, वातावरण, विहान ल्याए, आजको सभ्यता, आवरण, लुकेको छ, निर्माण, संसार, गर्भपात आदि । अरु कविताहरूमा ६, ५, ४, ३ हुदै १ खण्ड सम्मका कविताहरू रहेका छन् । सबभन्दा कम हरफ भएका कविताहरू- आव्हान, ?, निर्माण, संसार, गर्भपात, आदि हुन् । यिनमा ४-४ वटा हरफ मात्र रहेका छन् । एउटा हरफमा एक शब्द देखि ८ शब्दसम्म रहेका छन् ।

लेख्य चिन्हको पनि प्रयोग भएको यस कविता सङ्ग्रहमा अर्धविराम, विषयसूचक पूर्णविराम र प्रश्नावाचन (?) चिन्हबाट नै एउटा कविताको शीर्षक पनि रहेको छ । सायमिको 'चौतारो बोल्यो' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरू गद्य, पद्य दुबै शैलीमा संरचित रहेका छन् !

जस्तै : गद्य शैलीमा संरचित कविता-

हाम्रो गाँउमा,  
प्रत्येक रातो रगतको होली खेलाएपछि  
मिठो बचन र बोली लिएर  
काधँभरि जिम्मा बोकेका टोलीहरू आउँछन्,

दाजुभाईहरू झोली तिर हेर्छन
झोलीले उपहास गर्छ। (पृ-१७)

यस कविताको अंशमा अन्त्यानुप्रास कतै पनि नमिलेको हुनाले यो कविता गद्य शैलीमा संरचित रहेको छ।

पद्य शैलीमा संरचित कविताहरू-
डोको रित्तै हुन्छ चाहे सागरै खन्याऊ तिमी
भोको भोकै मर्छ जतिनै नारा लगाऊ तिमी
बगाउँ बरु पसीनाका धारा भिजाउँ अंग धर्तीको
डटौं विकास- पथमा गरी सञ्चालन जनशक्तिको। (पृ-१६)

यस कवितामा तिमी, तिमी, धर्तीको जनशक्ति को जस्ता शब्दहरूले अन्त्यानुप्रास मिलेको हुनाले यसलाई पद्य शैलीमा संरचित बनाएको छ।

'चौतारो बोल्यो' कविता सङ्ग्रहमा विशेषतः सामाजिक विषयवस्तुलाई लिएर कविले कविताहरू कोरेका छन्। सबै कविताहरू शीर्षक बमोजिम रहेका छन्। गद्य र पद्य दुबै शैलीमा संरचित कविताहरू यस सङ्ग्रहमा सङ्गृहीत छन्। त्यसैले यसको संरचना स्तरीय नै देखिन्छ।

### ४.२.२.३. छन्द र अलङ्कार

छन्द शब्द संस्कृत शब्दको हो। नेपाली भाषा साहित्यमा तत्सम शब्दको रूप मा यो शब्द प्रयुक्त छ। 'छद्' धातुमा 'असुन' प्रत्यय जोडिएर निर्माण भएको छन्दको व्युत्पत्तिगत अर्थ बाँध्नु, रक्षा गर्नु र प्रसन्न गर्नु भन्ने हुन्छ। त्यसैगरी प्रयोगात्मक अर्थमा भने छन्दको शाब्दिक अर्थ लयविधान हो।

'चौतारो बोल्यो' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरू मुक्त छन्दमा रहेका छन्। केहि-केहि कविताहरूमा चाँहि लयविद्यान पनि मिलेको छ।

जस्तै :-

हामीले जाने यो माटोमा सुन उम्रन्छ,
हामीले जाने ढुङ्गामा पनि फूल फक्रन्छ । (पृ- १६)

उपर्युक्त पक्तिंमा सायमिले आफ्नो भाषालाई परिपुष्ट बनाउन अन्तिम शब्दमा आउने शब्दहरूको मिलनबाट लय विधान बन्न पुगेको छ । यसैगरी मक्त छन्दमा लेखिएका कविताहरू

जस्तै :-

कोही पक्षमा आउन् या विपक्षमा
हामीलाई आफ्नो कक्षमा हिड्नु छ ।
आफ्नै अक्षमा घुम्नु छ ।
मृत्युसँग जिन्दगी उधारो मागेरै भएपनि
हामीलाई आफ्नै लक्ष्यमा पुग्नु छ । (पृ-२२)

मुक्त छन्दमा रचना गरिएका कविताहरूमा बोलीमा मिठास पन आँउदैन तर, त्यसभित्रका शब्दहरूमा दरिलो भाव पाइन्छ । पूर्वी साहित्य चिन्तन परम्परामा अलङ्कार एक महत्त्वपुर्ण सम्प्रदाय मानिन्छ । साहित्यको परिचय स्वरूप उद्देश्य आदिका बारेमा चर्चा गर्ने क्रममा पूर्वमा विभिन्न दृष्टिहरू स्थापित भएका छन् र त्यो वा यो दृष्टिकोणले कुनै एक तत्त्व विशेषलाई काव्यको केन्द्रीय पक्षका रूप मा लिदै अङ्ग तत्त्वलाई यसैका सहायक पक्षका रूपमा अंगीकार गरेको देखिन्छ । काव्य सौन्दर्य पैदा गर्न उपमा रूप आदि तत्त्व वा उपकरण हरूलाई नै अलङ्कार भनिन्छ ।

कवि सायमिको 'चौतारो बोल्यो' कविता सङ्ग्रहका कविताहरू अलङ्कार प्रयुक्त नै छन् । यसमा उनले भाव सौन्दर्यलाई झल्काउनका लागि अलङ्कारको सहायता लिएका छन् । त्यसैगरी यस सङ्ग्रहमा अनुप्रास अलङ्कारको प्रयोग भएको छ ।

अन्त्यानुप्रास मिलेका केहि पङ्क्तिहरू :-
शुन्यता नै सम्पूर्णताको अर्को नाँउ हो,

रातको अन्धकार नै अनगिन्ती प्रमाण उदाउने ठाँउ हो,
शुरुवात अन्त्यको जीवन, अन्त्य शुरुवातको किरण हो
जब हुन्छ उजाड बन-उपबन, सङ्केत वासन्ती आगमनको हो । (पृ-३४)

यस अंशमा अन्त्यका शब्दहरू मिलेकाले यसमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ । यस सङ्ग्रहका कवितामा उपमा अर्थालङ्कारको पनि प्रयोग भएको छ – यस्तै छन्द र अलङ्कारको प्रयोग गरी 'चौतारो बोल्यो' कविता सङ्ग्रह कविले रचना गरेका छन् ।

### ४.२.२.४. बिम्व र प्रतीक

जनजीवनबाट बिम्व लिएर समयलाई टपक्क टिपी यथार्थको सक्रिय प्रतिबिम्व गर्नु कवि सायमिको कलागत विशेषता हो । यस सङ्ग्रहका कविताहरूमा पनि बिम्वको प्रयोग गरेको पाइन्छ । कवितालाई मूर्त रूप दिन सायमिले बिम्वको प्रयोग गर्दै समसामयिक विषयवस्तु तथा परिस्थितिको सूक्ष्म चित्रण गरेका छन् । विशिक्ष्ट भावदृष्टिको चाहाना गर्नु र तीक्ष्ण अभिव्यक्तिका लागि विभिन्न बिम्वहरूको साहारा लिनु कवि सायमिको विशेषता पनि हो । समाजमा देखापरेका विद्यमान विसङ्गति र त्यसलाई उन्मूलन गरेर स्वच्छ र न्यायपूर्ण समाजको सिर्जना गर्ने अभीष्ट बोकेका सायमिको यस सङ्ग्रहभित्रका कवितामा पनि बिम्वको प्रयोग सशक्त ढङ्गले भएको पाइन्छ ।

सायमिले चौतारो बोल्यो कविता सङ्ग्रहमा सङगृहीत 'यस्तो भइरहेको हुन्छ' शीर्षकबद्ध कवितामा सामाजिक अत्याचारमा बिम्वलाई यसरी प्रस्तुत गरेका छन् :

महानवाणी र सिद्धान्तको पर्चा छरी हिड्ने मान्छे,
अत्याचार र भ्रष्टाचारको ओडारमा पिल्सिरहेको हुन्छ ।
विकास र प्रगतिको चर्चा गरी हिड्ने मान्छे,
मान्छे कै कालो बजारमा सस्तै बिकिरहेको हुन्छ । (पृ-६)

उपर्युक्त पक्तिंमा कवि सायमिले 'महानवाणी' शब्दले ठूलो विचार र भावनाको बिम्व, 'अत्याचार' शब्दले थिचोमिचोको बिम्व, 'विकास' शब्दले उन्नति र प्रगतिको बिम्व आदि जस्ता विभिन्न बिम्वविद्यानको प्रयोग गर्दै कलात्मक प्रस्तुति गरेको पाइन्छ ।

सायमिले विभिन्न विषयवस्तुलाई बिम्वका रूपमा उतार्ने क्रममा प्राकृतिक विषयको बिम्वलाई 'मेरो भूल' शीर्षकको कवितामार्फत यसरी प्रस्तुत गरेका छन् ।

यो फोस्रो हिमालको बयान गर्दै
नदी-हिमनदीको प्रशंसा छर्दै,
म धेरै-धेरै विचल्लीएको छु ।
थाहै नपाई ठूलो भूल गरेको छु । (पृ-१३)

उपर्युक्त श्लोकमा 'फोस्रो हिमालले' प्राकृतिक असन्दौर्यताको बिम्व, 'नदी-हिमनदीले' विश्वासघातको बिम्ब, 'विचल्लीनुले' पछुतानु बिम्व जस्ता विभिन्न बिम्वहरूको विद्यान गरेका छन् । विशिष्छ भावसम्प्रेषण गर्नका लागि विशिष्ट भाववृष्टिको प्रयोग गर्नु एउटा कविको कवि कौशलता पनि हो । कुनै पनि कवि वा सर्जकले आफ्ना रचनामा स्वभाविक ढङ्गले प्रतीकको प्रयोग गरी कविता वा रचनालाई मूर्त रूप दिएका हुन्छन् । समाजमा रहेका विभिन्न सङ्गत वा असङ्गत पक्षहरूलाई सरंक्षण वा उन्मूलन गरेर व्यवस्थित समाजको सिर्जना गर्ने अभिलाषा बोक्ने कवि सायमिको यस कविता सङ्ग्रहभित्रका प्रतीकको प्रयोग सशक्त ढङ्गले भएको पाइन्छ । उनका कवितामा प्रयुक्त प्रतीकहरूले कवितालाई कलात्मक, रागात्मक, संवेदनशील तुल्याउनुका साथै अर्थयुक्त पनि बनाएको पाइन्छ । प्रतीकहरूको प्रयोगबाट कविताहरू जीवन्त र सशक्त पनि त्यतिकै छन् ।

कवि सायमिले 'चौतारो बोल्यो' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरू मध्ये 'परिभाषा मायाको' शीर्षक कवितामा प्रतीकको प्रयोग यसरी गरेका छन् :

सरोबरसँग के दाजुँ माया सागर भन्दा गहिरो छ ।
हिमालसँग के दाजुँ माया सागर भन्दा उच्च छ ।
मान्छेसँग तुलना गरे बालक भन्दा पबित्र छ ।
पहाडी श्रृङ्खलामा बहने झरना झै निर्मल अनि स्वच्छ । (पृ-२१)

उपर्युक्त श्लोकमा सरोबरका साथ सागर भन्दा गहिरो माया, हिमालका साथ आकाश भन्दा उच्च माया र झरनाका साथ निर्मल अनि स्वच्छ जस्ता दुई भिन्न वस्तुहरूका बिच सादृश्य जनाउँदा उपमा अर्थालङ्कारको प्रयोग भएको छ । यहाँ

प्रयुक्त 'सरोबर' शब्दले गहिरो 'हिमाल' शब्दले उच्च र 'झरना' शब्दले निर्मल वा स्वच्छलाई प्रतीक बनाएको छ ।

यस कविता सङ्ग्रहभित्रको अर्को 'सोचाईको परिवेश भित्र/बाहिर' शीर्षकको कवितामा पनि कवि सायमिले प्रतीक योजना संयोजन यसरी गरेका छन् :

पहाडी भेगहरूदेखि रक्सीका पेगहरूमा
हिमाली लेकहरूदेखि आकाशका मेघहरूमा
एउटा फूल रोजी हिँडे, लहलहाउँदो बोट खोजी हिडे,
अतृप्त मनका उद्धेगहरूदेखि आँधी बनाएका बेगहरूमा । (पृ-२४)

यी पक्तिंमा भेग, पेग, मेदा, फूल, बोट, उद्धेक, वेग आदि प्रतिकको प्रयोग भएको छ ।

## ४.२.२.५. भाषाशैली

सायमिका कविताको भाषामा कठिन शब्दको प्रयोग न्युन मात्रामा हुने भएकाले कविताहरू सुवोध्य नै रहेका छन् । संस्कृत भाषामा तत्सम् नेपाली भाषाका तद्भव र आगन्तुक शब्दको प्रयोग कवितामा भए पनि अत्यन्त प्रचलित र अर्थयुक्त शब्दको चयन उनका कविताको विशेषता हो । तद्भव, तत्सम् र आगन्तुक शब्दको सन्तुलित चयनले गर्दा भाषिक सौन्दर्यता कविताहरूमा भरपुर झल्केको देखिन्छ ।

शैली अनुसारको शब्द चयनलाई रुचाउने सायमिका कवितामा तत्सम, तत्भव र आगन्तुक शब्दको प्रयोग भएको छ । 'चौतारो बोल्यो' कवितामा प्रयुक्त तत्सम शब्दहरू– बन्धु, शिव, पुत्र, वाणी, दुष्ट मृत आदि हुन् ।

त्यसैगरी उनका कवितामा तत्भव शब्दको पनि प्रयोग रहेको छ । कवितामा प्रयुक्त तत्भव शब्दहरू– अमर, नोकर, शङ्का, भाई, स्वार्थी आदि हुन् । यस सङ्ग्रहका कवितामा प्रयोग भएका आगन्तुक शब्दहरू– दरबार, गरिब, तलब, आम्दानी, इज्जत, रक्सी आदि हुन् ।

यस सङ्ग्रहका कविताहरूमा एउटा कविता प्रश्नवाचक चिन्ह (?) शीर्षकमा रचना गरिएको छ । 'चौतारो बोल्यो' कविता सङ्ग्रहभित्रको  प्रश्नात्मक शैलीको एउटा नमुना यस प्रकार छ :

सत्यताको कदर नभएपछि
स्वतन्त्रताको लहर सुकेपछि
के आशा राख्ने ? कस्लाई भरोसा गर्ने
बदमासको काम जति सदर भएपछि । (पृ-५)

सरल र सहज भाषाशैलीको प्रयोग गरेका सायमिले लेख्य चिन्हहरूको अत्याधिक प्रयोगले कवितालाई अझै तिखारिलो र खारिलो बनाएको छ ।

सायमिले यस सङ्ग्रहकै नाममा रहेको 'चौतारो बोल्यो' कवितामा सरल र सहज भाषाको प्रयोग यसरी गरेका छन् ।

गाउँको कथामा,
गाउँलेको व्यथामा,
भरियाको सुत्केरा-सस्केरामा
चौतारो बोल्यो । (पृ-२)

उपर्युक्त कविताको अंशमा गाउँको कथामा, गाउँलेकै व्यथामा, स्वच्छ मन र स्वतन्त्रतामा चौतारो बोल्छ भनेर सरल भाषाको प्रयोग कविले गरेका छन् ।

तसर्थ यस सङ्ग्रहका कविताहरूमा तत्सम, तद्भव, आगन्तुक भाषाका साथै सरल र सहज भाषाको प्रयोग गरेका छन् ।

### ४.२.२.६. कथनपद्धति

कवितात्मक अभिव्यक्ति भएको काव्यमा कथनपद्धति दुई अवस्थामा देखिन्छन् । कवि प्रौढोक्ति र कविनिवक्तृ प्रौढोक्ति । कवि स्वयम्ले केहि व्यक्त गरेका सो कवि प्रौढोक्ति हुन्छ भने कविले अर्कै पात्र आदिका माध्यमबाट प्रकट गर्ने प्रविधिलाई कविनिवद्ध वक्तृ प्रौढोक्ति भनिन्छ ।

कवि स्नेह सायमिले ‘चौतारो बोल्यो’ कविता सङ्ग्रहभित्र सङ्गृहीत कविता ‘सोचाइको परिवेश भित्र/बाहिर’ भन्ने कवितामा कवि प्रौढोक्ति कथन पद्धतिको उचित प्रयोग गरेका छन् ।

जस्तै-:

थाहा भएन, उसलाई के कस्तो पर्‍यो ।
वास्तवमा मलाई लाग्थ्यो-
मैले चाहेको फूल यहाँ फुलेको छैन ।
त्यो फूल फुल्ने बोट कुनै बगानमा फुलेकै छैन ।

प्रस्तुत अंशका माध्यमबाट कवितामा भावना र विचारको उपयुक्त तरिकाले प्रयोग भएको छ ।

यस सङग्रहका कवितामा कवि निबद्धवक्तृ प्रौढोक्ति को प्रयोग भएको छैन ।

## ४.३. शीर्षक

कविता कृतिको नामाकरण होइन यो भाव वा विचारको सूचक पनि हो ।

साहित्यकार सायमिको ‘चौतारो बोल्यो’ कविता सङ्ग्रहभित्र २९ वटा कविताहरू रहेका छन् । ती हुन ‘आव्हान’, ‘चौतारो बोल्यो’, ‘यर्थाथता’, ‘?’, ‘यस्तो भइरहेको हुन्छ’, ‘कथा एक सहिदको’,‘ अन्त्येस्टीको माग ६’, ‘वातावरण’, ‘मेरो भूल’, ‘बिहान ल्याएँ’, ‘शङ्कै लाग्ला’, डटौं विकास पथमा’ हाम्रो गाउँमा, ‘साहित्य सम्भेलन’, ‘कविता लेख्ने मन छ’, ‘परिस्थिति’, ‘परिभाषा मायाको’, ‘आफ्नै लक्ष्यमा पुग्नु छ’, ‘सोचाईको परिवेश भित्र/बाहिर’, ‘खोजी नयाँ प्रकाशको-दरिलो विश्वासको’, ‘अनुरोध’, ‘हामी’, ‘आजको सभ्यता’, ‘जागीर’, ‘आवरण’, ‘लुकेको छ’, ‘निर्माण’, ‘संसार’, ‘गर्भपात’ आदि ।

‘चौतारो बोल्यो’ (२०३६) कविता सङ्ग्रभित्रको एउटा कविता तथा कविता सङ्ग्रहकै नामकरण वा शीर्षकीकरण गरिएको कविता ‘चौतारो बौल्यो’ हो । यस कवितामा कवि सायमिको परापूर्वकालदेखि चौतारो एउटा भरियाहरूको, किसानहरूको सुस्केरा तथा पसिनामा बगेको दुःखहरू लाई बिसाउने ठाँउ हो ।

जहाँ कष्टकर भावहरू व्यक्त हुन्छन् यस ठाँउलाई चौतारो बोल्यो भनेर कवि सायमिले शीर्षकबद्ध गरेकाले यस कविताको शीर्षक सार्थक देखिन्छ ।

यस सङ्ग्रहका कविताहरूमा मानव हृदयका संवेदनशीलताहरू लाई पोख्दै शान्ति, स्वतन्त्रता र प्रगति तथा तानाशाही शासनको विरोध गरेर समानताको कुराका साथै नेपाली राष्ट्रियता र इतिहासमा रहेका अर्न्तद्वन्द्व तथा नेपाली समसामयिक यथार्थ र त्यसका सामाजिक स्तरमा रहेका सामन्ती सभ्यता विरोधी अग्रगामी चेतानाको भाव प्रस्तुत रहेको छ ।

## ४.४ निष्कर्ष

स्नेह सायमिका जम्मा दुईवटा कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् । यी दुई कृतिहरू 'चौतारो बोल्यो' (२०३६) र 'पुल र पर्खाल' (२०६३) रहेका छन् । 'चौतारो बोल्यो' कृतिको आधारमा तेस्रो परिच्छेद स्नेह सायमिको कृत्तित्वको सामान्य अध्ययन गरिएको छ ।

'चौतारो बोल्यो' कविता सङ्ग्रहमा २९ वटा कविताहरू रहेका छन् । प्रत्येक कविताहरू मुक्त छन्दमा रचना गरिएका छन् । भाषाशैली सरल नै रहेको छ । सबै कविताहरू छोटा छोटा रहेका छन् ।

## ५.१. पुल र पर्खाल कविता सङ्ग्रहको अध्ययन

### ५.१.१. पृष्ठभूमि

पुल र पर्खाल कविता सङ्ग्रह (२०६३) सालमा प्रकाशित कविता सङ्ग्रह हो । यसको प्रकाशकः सिर्जना चैत्र ३ काठमाडौँ हो । यस सङ्ग्रहमा साना-ठूला गरी ३६ वटा कविताहरू रहेका छन् । 'पुल र पर्खाल' शीर्षकमा रहेको कविता सङ्ग्रहभित्र यसकै नाममा रहेको एउटा छुट्टै कविता पनि रहेको छ । वि. सं. २०३६ देखि २०६३ सालसम्म लेखिएका कविताहरू रहेको कुरा यस सङ्ग्रहको **'मेरो भन्नु'** शीर्षकमा सायमिले पाठकलाई जानकारी दिएका छन् । यस सङ्ग्रहको मुल्य रु ७५ र पृष्ठ सङख्या ६५ मात्र रहेको छ । यसमा १ पृष्ठ देखि ३ पृष्ठसम्म आयाम समेटिएका कविताहरू छन् ।

साहित्यकार सायमिले प्रगतिशिलतालाई पछ्याउँदै व्यङ्ग्यात्मक शैलीमा कविताहरू रचना गरेका छन् । विशेषतः राजनीतिक विषयबस्तुलाई समेटेर व्यङ्ग्य गर्ने सायमिले वि. सं. २०४६ सालको आन्दोलनको सेरोफेरोमा रहेर कविताहरू सिर्जना गरेका छन् ।

### ५.१.२. कविता तत्त्वका आधारमा पुल र पर्खाल कविता सङ्ग्रहको अध्ययन

#### ५.१.२.१. विषयवस्तु/भाव/विचार

विषयवस्तु/भाव वा विचार कविता विधाका लागि महत्त्वपूर्ण भाव वा विचार पक्षको सम्बन्ध कविभित्रको अनुभूतिसँग हुन्छ । मानव हृदयमा प्रेम, उत्साह, क्रोध, घृणा, हाँस्य, शृङ्गार आदि भावहरू रहेका हुन्छन् । कविले आफूभित्रका ती भावहरूलाई कविताका माध्यमले व्यक्त गर्दछ । जीवनजगतको समग्र विषयवस्तु र मानव चेतनाको यावत् अनुभवपुञ्ज कवितामा नअटाउने होइन र प्रकृति -जीवन र जगत्) मानवीय समाज र सांस्कृति पुराकथा - इतिहास, दर्शन र ज्ञान विज्ञान आदिका साथै मानवमनको अनुभव व्यापारको कथन कवितामा हुन सक्दछ । कविताको कथ्य सामाग्री र सन्दर्भको सेरोफेरो यही नै हो (त्रिपाठी र अन्य, २०४६: २०) ।

पुल र पर्खाल (२०६३) कविता सङ्ग्रह स्नेह सायमिको दोस्रो कविता सङ्ग्रह हो । यसमा जम्मा ३६ वटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहमा सङ्गृहीत अधिकांश कविताहरू राजनीतिक विषयवस्तुलाई समेटेर लेखिएका छन् । सायमिले मूलतः राजनीतिक

विषयवस्तुमाथि रहेर कविताहरू सिर्जना गरे पनि कुनै-कुनै कविताहरू चाँहि सामाजिक, धार्मिक र व्यावसायिक विषयवस्तुमा पनि रहेका छन् ।

राजनीतिक विषयवस्तुमाथि केन्द्रित रहेका कविताहरू निम्नानुसार छन्ः- सुरक्षा, अजिङ्गरको निम्तो, रातो मत्स्येन्द्रनाथ ढल्यो, मुसाहरु, अवतरण, रिमोट कन्ट्रोलर, अग्रजहरूसँग, चाहना बुझिदिनुहोस, मेरो इतिहास, सपना बोक्न सक्दैंनौ, आगो, भारत, आमनिर्वाचन २०५६, अहिले म के भँए, संसद, समय कुर्दै, सहीदसँग, जुद्ध सडक, ढोग, अमर, सलाम दलाल आदि ।

सामाजिक विषयवस्तुमा पनि केहि कविताहरू रहेका छन् :-

संसार हेर्न चाँहान्छु, आगाका लप्काहरू, पुल र पर्खाल, कस्तो होता है, मनलाई बाँधेर ल्याउन सक्दिन होला, रोजाई । यसैगरि धार्मिक विषयवस्तुहरूमा रहेका कविताहरू : बुद्धवस्त्रमा रक्तपिपासु, पशुपति, म सराङ्कोट र व्यवसायिक विषयवस्तुमाथि रहेर लेखिएका कविताहरू : मुम्बई, लसकुसमा काठमाडौं, साझाघर, जावेद आदि ।

यस कविता सङ्ग्रहको भाव र विचार पक्ष मान्छे-मान्छेबिच नदेखिने अनेकौ पर्खालहरू ठाडिँदै गएका छन् । यी ठुला-ठुला र आत्मघाति पर्खालहरूलाई पन्छयाउनको लागि पुलको निर्माण गर्नुपर्दछ । पुलले एउटा धर्म, संस्कार र संस्कृति लाई समेत एउटै डोरीमा बाध्न मदत गर्दछ भनी 'पुल र पर्खाल' कविता सङ्ग्रहमा भाव वा विचार पक्षलाई समेटिएको छ ।

सायमिले अरू विषयवस्तुलाई पनि मध्यनजर गरी नेपाली राजनीतिप्रति ठुलो र गहिरो अनुभूति भएको कुरा वि. सं. २०४६ सालमा भएको आन्दोलन देखि वि. सं. २०६३ सालमा भएको आन्दोलनलाई समेत ख्याल गरी लेखिएका कविताबाट बुझ्न सकिन्छ । विकृति र विसङ्गतिको चापमा रहेको सिङ्गो नेपालप्रति उनको व्यङ्ग्य गर्ने शैली उपयुक्त नै देखिन्छ । 'पुल र पर्खाल' कविता सङ्ग्रहमा रहेको 'ढोग' शीर्षक कवितामा वामपन्थी मूल्य मान्यतालाई समेटिएको छ । यस्तो विसङ्गतिपूर्ण अवस्था कविका शब्दमा यसरी प्रस्तुत भएको छ :

> भकारी बारेर शौचालय बनाइदेऊ
> एउटा बाल्टीमा पानी राखिदेऊ

खिया लागेको टिनको ट्वाक एक थान पनि राखिदेऊ
ताकि क्रान्तिकारी पार्टीको बैठकको
तयारी पनि 'क्रान्तिकारी' देखियोस
'क्रान्तिकारी'' कमरेडहरूको बैठक सुसम्पन्न होस् । (पृ-६२)

माथिको अंशमा जन्ताकै मुद्दा भजाएर सत्तामा पुग्ने वामपन्थीहरू मूल्य मान्यताबाट कसरी स्खलीत हुन्छन् भन्ने कुरालाई उल्लेख गरिएको छ । नेपाली वामपन्थीहरूको ढोगी व्यवहारलाई प्रस्तुत गर्दै शौचालय जस्तो विषयवस्तुमाथि सायमिले यस कवितामा व्यङ्ग्य गरेका छन् र जुन व्यङ्ग्य शीर्षकअनुसार उपयुक्त र स्तरीय रहेको छ ।

सायमिले नेताहरूलाई चुनाव जित्नुभन्दा अघि जनताकै घर दैलोमा रात दिन खटिन्छन् । जनताहरूलाई नै धेरै भन्दा धेरै आशा र विश्वास दिलाउँछन् । तर चुनाव जितिसकेपछि उनै(जनताकै) घर दैलोमा नफर्किने हाम्रो देशको राजनीतिक चरित्रमाथि 'अवतरण' शीर्षक कवितामा यसरी व्यङ्ग्य प्रहार गरेका छन् :

हतारिएर
हामी
तिमीलाई स्वागत गर्न
मूलढोकामा आयौँ
तर अचम्म !
तिमी अचानक हरायौ
तिमी अञ्जानमै हरायौ
या बाटो बिरायौ
या आज आँखा
जुधाउन लजायौ । (पृ-१४)

यहाँ चुनाव जित्नुभन्दा अघि शिर निहुराएर जनताको घर दैलोमा आउने नेताहरू, चुनाव जितिसकेपछि जनताहरूप्रति नै गैह्र जिम्मेवार भई फुस्रा आडम्बर देखाउने नेताहरूलाई तिमी हरायौ या बाटो बिरायौ या आँखा जुधाउन पनि लजायौ भनि क्रुर व्यवहार भएका नेताहरूप्रति व्यङ्ग्य गरिएको छ ।

धार्मिक विषयवस्तुलाई समेटेर लेखिएको 'पशुपति' कवितामा सायमिले पशुपति जस्तो धार्मिक स्थल, हिन्दु धर्मावलम्बीहरूको प्रमुख धार्मिक स्थल पशुपति जहाँ, साना देखि ठूला धार्मिक कार्य हुने गर्दछन् । त्यस्तो महत्त्वपूर्ण स्थान पशुपति माथि नै व्यङ्ग्य प्रहार गरेका छन् । व्यङ्ग्यमा खारिएका उनले पशुपति लाई एउटा नकच्चरो र घिनलाग्दो व्यक्तिको ठाँउमा उभ्याएर यसरी व्यङ्ग्य गरेका छन् :

नकच्चरो
पशुपति
वागमति किनारमा
उन्मत्त लिङ्ग देखाएर
आफूलाई सर्वशक्तिमान
देवता भनाइरहेछ । (पृ-१९)

माथिको अशंमा व्यङ्ग्य गर्दै सायमिले पशुपति एउटा अश्लिल कर्तुत मात्र हो । यसले आफूलाई नराम्रो व्यवहारमा नै शक्तिमान बनाईरहेछ, र आजभोलिका मान्छेले यस्तै नराम्रो र घृणित  व्यवहारलाई प्रोत्साहन गर्दछन् भन्ने कुरा यी कविताका अंशले प्रस्तुत गर्दछन् ।

स्नेह सायमि कहिले कविताबाट निराशा पोख्छन् त कहिले आशाको दियो जलाउँछन् । तथापि नेताको भाषाण झैं नदेखिने सपना र फुस्रो आश्वासन उनका कवितामा पाइएन । 'रोडम्याप' हुन या 'रिमोट कन्ट्रोलर' हुन् । मुलुकबाट बाहिरिएर लखनउको जावेदको समस्या नै किन नहुन् । सबै कवितामार्फत उनी समाजका विविध समस्याको पोको खोल्न व्यस्त देखिएका छन् । कविताबाट कहिले उनी राजदरबारमाथि तल्लीन देखिएका छन् त कहिले जुद्वशमशेरका सालिकलाई सामन्तीको उपमा दिन पनि पछि नपरेको कुरा 'जद्ध सडक' कवितामा यसरी प्रस्तुत गरिएको छ ।

जुद्ध सडक ।
जुद्ध शमशेर जबरालाई अमर पार्न बनाइएको सडक
नयाँ नामहरूमा बाँचिरह्यो,
सालिकमा उभ्याइएको जुद्ध शमशेरसँगै

नयाँ नाममा नयाँ शमशेरहरू बाँचिरह्यो
जुद्ध सक
जुद्ध शमशेरहरूको अवसानपछि पनि
बाँचिरह्यो ढुक्कसँग
नयाँ सडक भएर हाँसिरह्यो । (पृ-५५)

'जुद्ध सडक' कविताका यी अंशबाट जुद्धशमशेरको सालिक सामन्तीको प्रतिनिधित्व गर्न अहिले पनि नयाँ सडकहरूमा सालिक बनेर रह्यो । पुराना सडकहरूलाई तताउने यो सालिक अहिले पनि उसै गरि उभिएको छ । जुद्धशमशेरको देहान्त पछि पनि यसको नाम जुद्ध सडक रहिरह्यो बाँचिरह्यो ढुक्कसँग । यसलाई कसैले पनि हल चल गराउँन नसकेको कुराबाट सामन्तीवर्गलाई प्रोत्साहन दिइरहेको छ भन्ने कुरा यस कवितामा उल्लेख गरिएको छ ।

हाम्रो देश राजनीतिनै राजनीतिको सिकार भएको छ । राजनीति गर्ने राजनीतिक दलका नेताहरू आ-आफ्नै भागबन्डामा व्यस्त छन् । जनताहरू अस्तव्यस्त स्थितिमा आफूलाई रूमलिरहेका छन् । तथापि नेताहरू नै आ-आफ्नो माग परिपूर्ति गर्नका लागि आन्दोलन गरिरहेका छन् । यसैगरी यहि राजनीतिलाई प्रतिनिधित्व गर्ने खालको कविले 'आगो' शीर्षक कवितामा आन्दोलनका नाममा टायर बालेर गरिने प्रतिकारप्रति यसरी व्यङ्ग्य गर्दछन् :

वरफ सल्केर
सगरमाथा वरिपरि आगो लाग्नुपर्छ
मेरो, तिम्रो, हाम्रो सबैको एकतन्त्रलाई
सल्काइदिनुपर्छ
र
यो आगो
जतिसुकै चिसो र कठोर परम्परालाई
खरानी बनाउन सक्षम हुन्छ
यो आगो गणतन्त्रको आगो हुनेछ । (पृ-२९)

यहाँ सायमिले आगोको माध्यमबाट राजधानीका सडक-सडकमा टायर बालेर, मोटर साइकल सल्काएर जुलुसहरू निकालेर राजनीतिको नाममा गरिने विभिन्न खालका कार्यहरूलाई यस कविताबाट स्पष्ट पारिएको छ ।

धार्मिक विषयवस्तुलाई मध्यनजर गरि लेखिएको 'वुद्धवस्त्रमा रक्तपिपासु' कवितामा धर्म र धर्मलाई शक्तिशाली कहलाउँन बस्ने मन्दिरका पुजारीहरू धर्मकर्म गर्न होइन, सोझा मान्छेलाई कसरी बेकुफ बनाई चरित्रहिन व्यवहार देखाईरहेका छन् भन्ने कुरा यस कवितामा पाइन्छ :

चन्दनको टीका
शाकाहारी भोजन
ध्यान, तप अनि फेरि ध्यान
त्यागी तपस्वी योगीको रूपमा चुसाहाहरू
हाम्रो मूल नशा छामेर
रगत पिउने तयारीमा छन्
रक्तपिपासुहरू वुद्धवस्त्रमा छन् । (पृ-२)

माथिको अंशमा चन्दनको टीका लगाएर, शाकाहारी भोजन खाएर बनावटी रूपमा मठ-मन्दिरजस्तो पवित्र स्थलमा बस्ने मानिसहरूको नक्कली व्यवहारलाई सायमिले व्यङ्ग्य गरेका छन । अहिलेका मानिसले जे गर्दा पनि र जसो गर्दा पनि हुने प्रवृत्तिलाई यस कवितामार्फत प्रस्तुत गरिएको छ ।

सामाजिक विषयस्तुलाई लिएर कविता कोर्न पनि पछि नपर्ने सायमि 'संसार हेर्न चाहान्छु' शीर्षक कवितालाई सामाजिकतामा यसरी दर्शाउँछन :

म अँध्यारोमा थुनिएको थिएँ,
बन्द कोठामा निस्सासिंदै थिए
तपाईले भित्ताहरू छाम्न सिकाउनुभयो
औजार बनाउन सिकाउनुभयो । (पृ-५)

'संसार हेर्न चाहान्छु' कविताबाट उद्धृत गरिएका यी पङक्तिहरूले म पात्रको माध्यमबाट म अध्यारोमा बस्दा, कोठा-कोठामै निस्सासिंदा तपाईले मलाई भित्ताहरू छाम्न र

औजार बनाउन सिकाउनुभयो भन्ने कुराले सामाजिक प्राणिलाई मानवताको पाठ पढाउनुपर्दछ, मानवले एउटा असल समाजको निर्माण गर्ने कुरा यस कवितामा समेटिएको छ ।

आफ्नो मुलुकलाई छाडेर अर्काको मुलुक जाने मानिसहरूको समस्यालाई 'जावेद' शीर्षक कवितामा यसरी उल्लेख गरिएको छ :

लखनउ गल्लीको
झुपडपट्टीमा
ठूलो महलबाट
ओरालो लागेको
कालो लेदो गन्हाउने नाली
त्यही नालीसँगै खनिएको इनार
त्यही इनारको पानी खाएर हुर्केको
मैलो झुत्रो लुगा लगाएको
किशोर हो-जावेद । (पृ-५९)

माथिको अंशमा एउटा किशोरले व्यवसायिक रूपमा आफ्नो मुलुक छाडेर अर्को मुलुकमा गएको कटु यथार्थलाई यस कविताले प्रस्ट्याएको छ ।

राजनीतिप्रति चोटिलो व्यङ्ग्य गर्ने सायमि सरकार बनाउन भन्दा बिगार्न खोज्ने नेताहरूलाई एउटी धर्तीमाता (आमा) लाई चुसाहा र बलत्कारी भनी व्यङ्ग्य गरिएको कुरा 'मेरो इतिहास' शीर्षक कवितामा यसरी व्यक्त गरिएको छ :

अहिले पनि आमाहरू
बलात्कृत भएको भयै छन्
छोराहरू भने अशंबण्डा नमिलेर
लुटमार/मारकाटमा व्यस्त छन्
आफू-आफूमै मस्त छन् । (पृ-२३)

माथिको अंशमा धर्ती मातालाई आफ्नै छोराहरूले बलात्कार गरेको कुरा उल्लेख छ । एउटै आमाका छोराहरू पनि मारकाटमा व्यस्त छन् । भाइ-भाइ बिच मारकाट छ,

लुछाचुरडी छ । आफू-आफूमै स्वार्थको निम्ति मस्त र व्यस्त रहेको कुरा यस कविताका माध्यमबाट व्यक्त गरिएको छ ।

आफ्नो व्यक्तित्वलाई माथि उठाउनका लागि गरिने उतारचढाव, चुनाव जित्नको लागि एउटै कक्षामा ५ वर्षसम्म पनि बस्ने विद्यार्थी भनाउँदा नेताहरूको व्यवहारलाई 'अहिले म के भएँ' शीर्षक कविताका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ :

विद्यार्थी युनियन कब्जा गर्न
पाँच वर्षसम्म एउटै कक्षामा पढेको हुँ
पुलिसलाई ढुङ्गा हानेको हुँ
विपक्षी पार्टीका
सांसद र मन्त्रीहरूको कठालो पनि समातेको हुँ
तपाईहरुको भाषणको बीच-बीचमा ताली बजाउन
बसहरु रिजर्भ गरेर मान्छे भाडामा ओसारेको हुँ
तपाईहरुको शानदार विजयका लागि
बुथ कब्जा गरेको हुँ । (पृ-४७)

माथिको अंशमा नेताहरूलाई जिताउनका लागि विद्यार्थीले एउटै कक्षामा पाँच वर्षसम्म पढेजस्तै गरेको, पुलिसलाई ढुङ्गा हानेको, विपक्षी पार्टीका दल र मन्त्रीहरूको कठालो समेत समात्न पछि नपरेको कुरालाई अहिले म के भएँ पहिले कस्तो थिए त भन्ने कुरा सत्तामा पुगेपछि आफ्ना कार्य कर्तालाई भुल्ने नेताहरूको स्वार्थीपनका कुरा यस कवितामा सायमिले व्यङ्ग्यात्मक शैलीले उतारेका छन् ।

कविले आफु सत्तामा पुगिसकेपछि सत्ताको होडबाजी गरिरहने हाम्रो देशका नेताहरू, आफूलाई नै यो देशका सर्वशक्तिमान बनाई एउटै धारमा लागिरहने नेताहरू, आफूले पनि केहि नगर्ने र अरूलाई पनि केहि गर्न नदिने नेताहरूप्रति म केहि गर्छु भनि आउने व्यक्तिहरूलाई ठाँउ दिनुपर्दछ भन्ने कुरा 'अग्रजहरूसँग' शीर्षक कविताले यसरी व्यक्त गरेकोकि कुद्नुस

तपाईको पछिपछि आउन
ठाँउ दिनुस्

कि छोडनुस् बाटो

साइड लाग्नुस्

हामीलाई

कुदन् दिनुस् । (पृ-२०)

यहाँ सायमिले नेताहरूको बानी व्यवहारप्रति उनकै राजनीतिक चुनौतीका सामु व्यङ्ग्य प्रहार गरेका छन् । आफ्नो बाटोमा राम्रो सँग हिड्न नसक्ने र अरूलाई हिड्न पनि नदिने कुरालाई यस कविताका माध्यमबाट कि त छोडनुहोस् बाटो, कि त राम्रोसँग कुद्नुस, कि त हामीलाई ठाँउ दिनुहोस् भनि आफ्नै भाषामा उल्लेख गरिएको भनाई उपयुक्त र सान्दर्भीक छ ।

राजनीतिलाई आत्मसाथ गरी कविता लेख्ने कवि सायमिले नेताहरूलाई मुसाको संज्ञा दिएका छन् । हाम्रै भान्सामा खाना खाएर, हाम्रै कोठामा फोहोर गर्ने नेताहरूको नियतिलाई 'मुसाहरू' शीर्षक कवितामा यसरी प्रस्तुत गरिएको छ :

हाम्रो भान्सामा खाना खाएर

हाम्रै छाना, छिँडी र कोठाहरू

फोहोर गरिरहेछन्

दुलो बनाइरहेछन् नयाँ सम्भावना

काटिरहेछन् नयाँ उत्साह

अनि मुलुकको गरिमा र प्रतिष्ठा

मुसाहरू

पसिरहेछन् सरकार र संसद्मा । (पृ-१२)

प्रस्तुत अंशमा सायमिले नेतालाई मुसाहरू भनी नेताहरूको चरित्रहीन व्यवहारप्रति चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । कवि सायमिले हाम्रो देशमा चलिरहेको राजनीति त्यो राजनीतिले आम् जनतामा पारेको प्रभाव र राजनीतिक दलका नेताहरूले चुनाव अघि गरेको भाषण अथवा जनतालाई देखाइएका गह्रुँगा सपना अब नदेखाउनुहोस् भनि 'सपना बोक्न सक्दैनौँ' शीर्षक कवितामा यसरी व्यक्त गरेका छन् :

नेताजी

हाम्रो बस्तीमा

चुनावअघिको

तपाईले आफ्नो भाषणबाट

ओकल्नुभएका गह्रुँगा सपनाहरु

माफ गर्नोस्

हामी बोक्न सक्दैनौं । (पृ-२६)

माथिको अंशमा सायमिले अब, जनतालाई झुठा आश्वासनहरू देखाउनु पर्दैन । यो नेताले त सरकार बनाउन सकेन अर्को नेताले सक्छकी भन्ने जनताहरूको भावना र विचारलाई 'जती जोगी आए पनि कानै चिरेका' भन्ने उक्तीबाट प्रस्ट्याउन सकिन्छ । र माथिका अंशहरूले पनि यहि कुरा बोलेको छ ।

यस कविता सङ्ग्रहमा नेपाली जनताले भोग्नुपरेको पीडा र अहिलेको समाजमा भइरहेको विकृति-विसङ्गतिप्रति राजनीतिक दलीय सङ्गठन, वामपन्थी मूल्य मान्यताप्रति भएको कटु व्यवहारप्रति चोटिलो प्रहार पाइन्छ ।

## ५.१.२.२. संरचना र आयाम

संरचना दुई किसिमको हुन्छ- आन्तरिक र बाह्य । कविताकृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउ/चरण वा पङ्क्ति विधान तथा पङ्क्तिपुञ्ज (श्लोक वा अनुच्छेदयोजना) सँगै थालिन्छ र त्यसका विविध भाग/परिच्छेद हुदै विस्तारित हुन्छ । अनि खण्डकाव्यमा पुग्दा सर्गयोजना पनि देखापर्न सक्छ । वस्तुतः कविताको बाह्य संरचना भाषिक वा शैलीगत प्राप्ति हो । कविताकृतिको आन्तरिक संरचनाचाँहि त्यस कृतिमा अँगालिएको कथन पद्धतिका माध्यमबाट थालिन्छ र सिधै कविकथन, आख्यनीकरण कथनपद्धति कै भेद हुन् । यस परिप्रेक्ष्यमा कविताको आन्तरिक संरचना मुख्यतः केन्द्रीय कथ्य भावविचारको उठान, विकास र अन्तिम रागातमक परिणतिको एउटापथ ठहर्छ । आन्तरिक संरचनाले प्रकारान्तरद्धारा पुनारावृत्ति, सञ्चयान, द्वन्द्धात्मकता, समन्वय र खण्ड-खण्डका स्वतन्त्र साहचर्य जस्ता विभिन्न प्रक्रियाबाट बुनोट प्रदान गर्दछ । यो बुनोट

वृत्ताकार, चक्रात्मक, खण्डीय तथा स्वतन्त्र साहचर्यात्मक समेत हुने ठानिन्छ (त्रिपाठी र अन्य, २०६०: १७-१८)

'पुल र पर्खालहरू' (२०६३) कविता सङ्ग्रहमा जम्मा ३६ वटा कविताहरू रहेका छन् । कवि सायमिले आफ्नो कविता यात्रालाई नयाँ बाटोमा हिडाँउने प्रयास गरेका छन् । यस सङ्ग्रह भित्रका कविताहरू मुक्त छन्दमा रचना गरिएका छन् । लगभग सबै कविताहरू गध शैलीमा संरचित छन् । प्रत्येक कविताहरूको संरचना छोटो-छोटो छ । लय र अन्त्यानुप्रास कतै-कतै मात्र मिलेको देखिन्छ् ।

यस कविता सङ्ग्रहमा सबै भन्दा धेरै खण्ड भएको कविता 'मुम्बई' हो । यसमा एघार वटा खण्डहरूरहेका छन् । एउटै खण्डमा मात्र संरचित कविताहरू-'अजिङ्गरको निम्तो', 'जीवन मूल्य', 'भारत', 'साझा घर', रोजाइ आदि हुन् । अरू कविताहरूमा १०, ८, ४, ५ हुदै २ खण्ड सम्मका कविताहरू रहेका छन् । सबै भन्दा कम हरफ भएको कविता 'अग्रजहरूसँग' हो । यसमा ११ हरफ रहेका छन् । एउटा हरफमा १ शब्द देखि १० शब्द सम्मका हरफहरू रहेका छन् ।

लेख्य चिन्हको सामान्य प्रयोग भएको यस कविता सङ्ग्रहमा अर्धविराम, विषयसूचक, प्रश्नवाचक चिन्हको समेत प्रयोग भएको छ । सायमिको 'पुल र पर्खालहरू' कविता सङ्ग्रह गद्य लयमा लेखिएको छ । मुक्त छन्दको प्रयोग गरि कविताहरू लेखिएका छन् ।

यस कविता सङग्रहका कविताहरू एकलापपूर्ण कविकथन पद्धतिमा आधारित छन् । जसमा राजनीतिक दल र विद्रोही पक्ष, प्रजातन्त्रीक दल र जनताबीचको दोहोरो वार्तालाप अनि आत्म सम्बोधनात्मक शैलीको प्रयोग गरिएको छ । कविकथन पद्धतिमा सघन र परिपुष्ट आन्तरिक संरचनाको बनोट गरिएकाले कविताको संरचना अत्यन्त प्रभावशाली र कलात्मक बन्न पुगेको छ । कवि सायमिले वैयक्तिक भावना र विचारलाई विषय बनाउँदै मुक्त छन्दमा संरचित गरेका छन् । यस सङ्ग्रहको आन्तरिक संरचना अनुसारको बाह्य संरचना पनि सुगठित रहेको छ । भाव र विचारको श्रृङ्खलाबद्ध भएका कविताहरू यस सङ्ग्रहमा सङ्गृहीत छन् ।

'पुल र पर्खाल' कविता सङ्ग्रहमा राजनीतिक सामाजिक, व्यावसायिक, धार्मिक आदि विषयवस्तुलाई समेटेर कविताहरू रचना गरे तापनि मूलतः राजनीतिक विषयवस्तुलाई लिएर

लेखिएका कविताहरू रचना गर्ने सायमिका कविताहरूको संरचनागत शैली उपयुक्त नै देखिन्छ ।

### ५.१.२.३. छन्द र अलङ्कार

कविताका निश्चित वर्ण, मात्रा, अक्षरको वितरण, अनुप्रास आदिको योजना, चरण, पाउ वा पङक्तिको गतिक्रम, वार्णिक र मात्रिक आवृत्तिको स्थिति नै छन्द हो (खतिवडा, २०५४: १५०) ।

'पुल र पर्खाल' कविता सङ्ग्रहमा भएका कविताहरू मुक्त छन्दमा रचना गरिएका छन् । विकृति र विसङ्गति भएका कविताहरू प्रायः मुक्त छन्दमा रचना गरिएका देखिन्छन् जस्तै :

जुन बेला जनवादको अंशवण्डा भो
जुन समय प्रजातन्त्रको निजीकरण भो
त्यही समयदेखि मैले अनुभव गरे
जुन बुईगलमा बसेर तपाँईले छिंडी देख्न छोडनुभयो
त्यही बुईगल चढने भचाङ्को खुड्किला बनिरहेको छु । (पृ-४५)

अलङ्कारको शाब्दिक अर्थ गहना वा आभुषण हो । कवितामा अलङ्कारको विशिष्ट भूमिका रहन्छ । यसले कवितालाई लयात्मक तुल्याउन र भावसौन्दर्यको अभिवृद्धि गर्न मद्धत पुचाउँछ (लुइँटेल २०६०: १४९) काव्यको शोभा बढाउन अलङ्कारको विशिष्ट प्रयोग हुने गर्दछ । अर्थका प्रतिच्छाया र पूरकका रूपमा आउने सहवर्ती अर्थ अलङ्कार हो । अलङ्कारको आन्तरिक संरचनालाई सबल बनाउनुका अतिरिक्त लालित्यमय, सौन्दर्यपूर्ण र साहित्यिक स्वरूपलाई समेत प्राप्त गर्दछ । भावलाई अलङ्कारले गूढ र गम्भिर बनाउन भूमिका खेल्दछ ( खतिवडा, २०५४: ८०) ।

कवि सायमिको 'पुल र पर्खालहरू' कविता सङ्ग्रहका कविताहरू अलङ्कार प्रयुक्त नै छन् । यसमा उनले भावसौन्दर्यलाई झल्काउनको लागि अलङ्कारको सहायता लिएका छन् । यसमा कतै-कतै अनुप्रास अलङ्कार प्रयोग भएको छ ।

लय र अन्त्यानुप्रास मिलेका केहि पङ्क्तिहरू :

दरबारहरू आफ्नै सुविधाको भागबन्डामा व्यस्त छन ।

'जनप्रतिनिधि' सिंहदरबारभित्रै मस्त छन् । (पृ-५३)

यस अंशमा व्यस्त छन् र मस्त छन् जस्ता शब्दहरू मिलेर नै अन्त्यानुप्रास मिलेको देखिन्छ । जुन शब्दहरु पढ्दा वा भन्दा लय आँउछ, यस्ता शब्दहरूलाई नै अन्त्यानुप्रास मिलेको भनिन्छ ।

व्यस्त छन् – पहिलो र दोस्रो हरफका अन्त्यमा पुनरावृति ।

मस्त छन्

यस सङ्ग्रहमा भएको 'जावेद' शीर्षक कवितामा आदिनुप्रास र अन्त्यानुप्रास मिलेको एउटा पङ्क्ति यसप्रकार छ :

कहिल्यै ज्याला बढेन

कहिल्यै खर्चले धानेन

कहिल्यै टिबीले छाडेन ।

यस पङ्क्तिमा आदिनुप्रास मिलाउनको लागि एउटै शब्द कहिल्यै र अन्त्यानुप्रास मिलाउनको लागि बढेन, धानेन, छाडेन जस्ता शब्हरूको प्रयोग भएको छ ।

यी र यस्तै खालको अलङ्कारको प्रयोग गरि सायमिले 'पुल र पर्खाल' कविता सङ्ग्रह रचना गरेका छन् ।

## ५.१.२.४. बिम्ब र प्रतीक

बिम्बको शाब्दिक अर्थ प्रतिमा, छाया, प्रतिबिम्ब, प्रतिकृति मानसिक चित्र, सादृश्य इत्यादि हुन्छ । शब्द यी विभिन्न अर्थमा विस्तार भई यसको अर्थगत र प्रयोगत दुबै क्षेत्रमा निकै व्यापकता आएको पाइन्छ । यसको सादृश्य विधान, कुनै व्यक्ति वा वस्तुको आकृति र त्यस सम्बन्धी अवधारणा, त्यसको पुनर्निमाण, मानसपटल, कल्पना वा स्मृतिमा उपस्थित चित्र पनि जनाउँछ । बिम्बहरूको सामूहिक रूप नै बिम्बविधान हो (लुइँटेल, २०६०: ११८) ।

प्रतीक शब्द 'सिम्बोल' को नेपाली रूपान्तरण हो । यसमा शब्दको व्युत्पत्ति ग्रिक क्रिया 'सिम्बालियन' तथा ग्रिक नाम 'सिम्बोलन' बाट भएको हो । क्रियाका रूपमा यसको अर्थ एकैसाथ फाल्नु तथा नामका रूपमा यसको अर्थ सङ्केत चिन्ह भन्ने हुन्छ । कुनै चिजलाई प्रतिनिधित्व गर्ने सजीव वा निर्जीव वस्तुसलाई प्रतीक भनिन्छ (लुइँटेल, २०६०: १२६) । यस सङ्ग्रहका कविताहरूमा विकृति र विसङ्गतिवाद अनुकूल जीवनजगतप्रति चरम निराशा राजनीतिक विकृतिपूर्ण अवस्था, हताशावोधी बिम्बहरूको प्रयोग गरेका छन् । मठमन्दिरमा बस्ने मानिसहरूलाई रक्तपिपासु, जीवनको खोजलाई गतिहीन, सुरक्षा गर्छु भन्ने व्यक्तिहरूलाई शाकाहारी गिद्ध, मानवहृदयलाई झुत्रो, नेताहरूलाई मुसा जस्ता बिम्बहरूको प्रयोग यस कविता सङग्रहमा भएको पाइन्छ । 'मुसाहरू' शीर्षकबद्ध कवितामा बिम्बबिधान यसरी प्रस्तुत गरिएको पाइन्छ :

मुसाहरू
कुदिरहेछन् अँध्यारोमा
दुलो खनिरहेछन्
नयाँ लुगा, नयाँ घर, नयाँ जीवन
नयाँ दस्तावेज, नयाँ आस्था
नयाँ नेपालका नयाँ सपना
मुसाहरू
कुदिरहेछन् अँध्यारोमा । (पृ–१२)

प्रस्तुत अंशमा 'मुसाहरूले' नेताहरूलाई र नेताहरूको चरित्रहिनका साथै आफ्नै स्वार्थको भुमरिमा रूमलिएको कुरा 'कुदिरहेछन् मुसाहरू अध्यारोमा' मात्र नयाँ लुगा नयाँ घर र नयाँ जीवनको लागि भन्ने प्रतिबिम्व यस अंशमा पाइन्छ । त्यस्तै 'सुरक्षा' शीर्षकबद्द कवितामा बिम्बविधान यसरी प्रस्तुत गरिएको छ :

गाँउले हो !
गिद्ध देखेर डराउनुपर्दैन,
यो गाउँमा गिद्वहरूको तर्फबाट
गाँउकै सुरक्षाको लागि आएको हुँ । (पृ-४)

प्रस्तुत अंशमा रहेका 'गिद्ध देखेर डराउनुपर्दैन' ले 'सुरक्षा' गर्न आएको व्यक्ति देखि डराउनुपर्दैन र 'म यस गाउँमा सुरक्षा गर्न आएको हुँ' भन्ने भावले सुरक्षाको नाममा गरिने अमान्य र अस्विकृत व्यवहारलाई व्यक्त गर्ने क्रममा बिम्बहरूको प्रयोग भएको छ ।

सायमिले यस सङ्ग्रहका कविताहरूमा प्रतीकको प्रयोग भावअनुकूल गरेका छन् । कविले प्रतीकका माध्यमबाट जीवनजगतको निस्सारता, नीरसता व्यर्थता, शुन्यता र विसङ्गत स्थितिलाई अभिव्यक्त गरेका छन् । उनले राजनीतिप्रति निरीहता र निरर्थकता व्यक्त गर्ने क्रममा जुद्धशमशेरको सालिकलाई जुद्ध सडक, नेताहरूलाई मुसा, चुनाव जित्नुभन्दा अघि घरघरमा आउने पार्टीगत नेताहरूलाई भुसिया कुकुर जस्ता प्रतीकको प्रयोग गरेका छन् ।

कविताको भाव सम्प्रेषण गर्नका लागि भाववृष्टिको प्रस्तुति गर्नु आवश्यक मानिन्छ । कवितामा प्रयुक्त सामाजिक राजनीतिक विषयवस्तुलाई व्यङ्ग्यात्मक ढङ्गले प्रतीकात्मक अर्थ दिन कवि सायमि 'पुल र पर्खाल' कविता सङ्ग्रहमा सफल नै देखिन्छन् । सामाजिक र राजनीतिक वृत्तमा रहेका सङ्गत र विसङ्गत पक्षहरूलाई संरक्षण गरेर व्यवस्थित समाजको अपेक्षा कविताले बोकेको छ । कवि सायमिको यस सङ्ग्रहका कवितामा प्रतीकको प्रयोगले कलात्मकता थपिएको पाइन्छ । कवितामा कवि सायमिले वि. सं. २०४६ साल को आमनिर्वाचनलाई र त्यसका आरोह अवरोहको सङ्केत कवितामा यसरी प्रस्तुत गरिएको छ :

मासु-भात ह्वीस्कीको साथ
दिउँसै बियर डियरको साथ
लाल कम दलाल धेरै
भोटभन्दा नोट धेरै
टिबडेवाल अग्रवाल, चाचान, खेतान
सबै भगवान् ! (पृ-४२)

प्रस्तुत अंशमा कवि सायमिले 'मासु-भात ह्वीस्कीको साथ' ले मोज मस्तिमा लागेका कमरेडहरूलाई, 'लाल कम दलाल धेरै' ले राम्रो काम गर्ने व्यक्ति भन्दा दलाली काम गर्ने व्यक्तिलाई 'भोट भन्दा नोट धेरै' ले भोट माग्नको लागि नोटहरू धेरै खर्च गर्ने कुरालाई तथा, ठूला-ठूला भनाउँदा व्यक्तिहरू सबैलाई भगवान भनि व्यक्ति-व्यक्ति बिचको चरित्र

आदिले वर्गीय विविधताको अनि भोटभन्दा नोट धेरै बटुल्ने कमरेडहरूको विविधताको प्रतीक यस कवितामा बोकेको पाइन्छ ।

'चुनाव जित्नुभन्दा अघि घरघरमा आउने पार्टीगत नेताहरूलाई 'भुसिया कुकुर' जस्ता प्रतीकको प्रयोग गरि सायमिले कवितामा कलात्मकता थपेका छन् । जुद्ध शमशेरको सालिकलाई 'जुद्ध सडक' भनेर गरिएको प्रतीकको प्रयोग 'जुद्ध सडक' कवितामा यसरी प्रस्तुत गरिएको छ :

कुनै समय शमशेरहरूका
बग्गीहरू गुड्थे
घोडाहरू दगुर्थे जुद्ध सडकका छातीमा
रैतिहरू अच्चम मानेर
टाउको निहुराएर हेर्थे
त्यो पनि एउटा समय थियो । (पृ-५६)

माथिको अंशमा 'शमशेरका बग्गीहरू' ले  प्रतीक र 'रैतिहरू' ले गरिब दिन दुःखि र शोषितहरूलाई जनाउँछ । तसर्थ शोषकले शोषिहरूप्रति गरेको व्यवहारलाई यस अंशमा प्रतीकका माध्यमबाट प्रष्ट पारिएको छ ।

यस किसिमका प्रतीकहरूले 'आम निर्वाचन २०५६', 'जुद्ध सडक', 'दलाल सलाम' जस्ता कविताहरू सिर्जित भएका छन् ।

### ५.१.२.५. भाषाशैली

कवितामा भाषाशैलीको पनि उत्तिकै महत्त्व र जीवन्तता रहेको हुन्छ । कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविता कृतिले गर्नु छ । त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्ये बाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द, पदावली, वाक्यखण्ड, वाक्य अनुच्छेद अभिधार्थभन्दा पर लाक्षणिक र व्यञ्जक समेत बन्न पुग्दछ (त्रिपाठी, २०४६: १९) ।

कविता रचनाको भाषा सायमिको गद्यात्मक रहेको छ । गद्यात्मक शैलीभित्र मुक्त छन्दको प्रयोग गर्नु सायमिको विशेषतानै बन्न पुगेको छ । यस किसिमको शैलीद्वारा उनी

आफ्ना कविता पाठक सामु सरल ढङ्गले सम्प्रेषण गर्न पनि सफल देखिन्छन् । सरल भाषाशैलीका कारण उनका कविता पाठक ग्राह्य नै रहेका हुन्छन् । वैचारिक र भावात्मक लहरलाई प्रवाह गर्दै कविता रचना गर्न सक्ने क्षमतावान् कवि सायमिले 'पुल र पर्खाल' कविता सङ्ग्रहमा पनि वैचारिक र भावात्मक लहर लहराउन पुगेका देखिन्छन् ।

शैली अनुसारको शब्दचयनलाई रुचाउँने सायमिका कवितामा तत्भव, तत्सम र आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । 'पुल र पर्खाल' कविता सङ्ग्रहमा सङ्गृहीत कवितामा प्रयुक्त तत्भव शब्दहरू : सौम्य, शान्त, तपस्वी, ध्यान, धैर्य, अधीर, प्रिय, दानव, द्धन्द्ध, देव, दास आदि तत्भव शब्दहरू हुन् ।

त्यस्तै गरि सायमिले तत्सम शब्दको पनि प्रयोग गरेका छन् । ती शब्दहरू हुन : देवता, मानिस, रिस, धर्ती, गाना, पानी आदि ।

आगन्तुक शब्दहरू हुन् : मालिक, पार्टी, दरबार, दुनियाँ, बारूद, पुलिस, मुलुक आदि । यसरी सायमिले 'पुल र पर्खाल' कविता सङ्ग्रहमा आगन्तुक शब्दहरूको उल्लेख्य प्रयोग गरेको पाइन्छ ।

स्नेह सायमिका कविताहरूको भाषा कतै सरल त कतै जटील रहेको छ । यस सङ्ग्रहका कविताहरूमा राजनीतिक चेतनाको अभिव्यञ्जनका साथ व्यक्तिवादी भावमा केन्द्रित देखिन्छन् । सामाजिक पराम्पराभन्दा बाहिर रहेर आफ्नो स्वार्थ र आफ्नो स्वाभिमानलाई जोगाउनको लागि जे पनि गर्न तयार हुने व्यक्तिकेन्द्रित भाषा यस कविता सङ्ग्रहमा पाइन्छ । राजनीतिक खिचातानी, जनताले पचाउनै नसक्ने असह्य व्यवहार यस सङ्ग्रहमा पाइन्छ । आफ्नो समयभरी भोग्नुपरेका पीडालाई 'मेरो इतिहास' भनेर सायमिले सरकार बनाउन भन्दा पनि बिगार्न चाहने व्यक्तिहरूको अवस्था अनि यो धर्तीलाई चुस्ने छोराहरूलाई र आमालाई बलात्कार गर्ने छोराहरूप्रति सरल भाषामा सायमिले यसरी व्यङ्ग्य गरेका छन् :

अहिले पनि आमाहरू
बलात्कृत भएको भयै छन्
छोराहरू भने अंशबण्डा नमिलेर
लुटमार / मारकाटमा व्यस्त छन्

आफू-आफूमै मस्त छन् । (पृ-२३)

उपयुक्त कविताको अंशमा धर्तीलाई आमा र नेताहरूलाई छोराहरूको रुपमा लिइएको छ । त्यही धर्ती भनाउँदी आमालाई आफ्ना छोराहरूले गरेको घृणित व्यवहारलाई 'मेरो इतिहास' कविताले उतारेको छ । यस कवितामा जीवनका निस्सारता नीरसताको अनुभूतिलाई प्रायः सरल भाषामा अभिव्यक्त गरिएको छ । कतै-कतै लाक्षणीक भाषाको प्रयोग पाइएतापनि सरल भाषाकै बाहुल्यत यस कवितामा रहेको छ ।

यस सङ्ग्रहका कविताहरूमा हिन्दी भाषाको पनि प्रयोग भएको छ । जस्तै :

दिनभरी भाडा माझता है
रातभरि
मच्छरका गीत सुनता है
ग्राहकले फालेर गएको
ठुतो चुरोट र बिंडी पीता है
बासी रोटी र दाल खाता है
भोकमा त्यो पनि
बहुत मीठा होता है । (पृ-३७)

सायमिले इन्टरनेट रिमोट कन्ट्रोलर, रोडम्याप, एसएमएस, नोमिनेसन, डोमिनेसन जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग गरी कविता रचना गरेका छन् । जस्तै :

नोमिनेसन, डोमिनेसन
नेता कार्यकता
तस्कर गुण्डा
माफिया चन्दा
लाठी खुकुरी
पेस्तोल राइफल
लाख करोड
कार जीप । (पृ-४१)

प्रस्तुत अंशमा राजनीतिक दलका नेताहरूले प्रयोग गर्ने खालका शब्दहरूको प्रयोग गरिएको पाइन्छ ।

तसर्थ, स्नेह सायमिले आफ्नो कविता रचनालाई उत्कृष्ट अथवा पाठकमुखी बनाउँनको लागि आगन्तुक, तत्सम र तद्भव शब्दहरूको प्रयोग गरी 'पुल र पर्खाल' कविता सङ्ग्रहलाई उत्कृष्ट र पाठकमुखी बनाएको पाइन्छ ।

### ५.१.२.६. कथनपद्धती

कृतिको समग्र भाषा नै कथन पद्धतिमा आधारित हुने भएकाले काव्यात्मक तत्त्वका रूपमा कथन पद्धतिको भूमिका विशिष्ट रहेको हुन्छ । कवितात्मक अभिव्यक्ति भएको काव्यमा कथनपद्धति दुई अवस्थामा देखिन्छन् : कवि प्रौढोक्ति र कविनिबद्ध वक्तृ प्रौढोक्ति । कवि स्वयम्ले केहि व्यक्त गरेमा त्यो कवि प्रौढोक्ति हुन्छ भने कविले अर्कै वा पात्र आदिका माध्यमबाट प्रकट गर्ने प्रविधिलाई कविनिवद्ध वक्तृ प्रौढोक्ति भनिन्छ । एउटै रचनाको कथनमा यी विभिन्न पद्धतिको उपयोग कविले गर्न सक्दछ ।

कवि स्नेह सायमिले 'पुल र पर्खाल' कविता सङग्रहभित्र सङ्गृहीत एउटा कविता 'बुद्धवस्त्रमा रक्तपिपासु' भन्ने कवितामा कवि प्रौढोक्ति कथन पद्धतिको उचित प्रयोग गरेका छन् । जस्तै :

चन्दनको टीका
शाकाहारी भोजन
ध्यान, तप अनि फेरी ध्यान
त्यागी तपस्वी योगिको रुपमा चुसाहाहरू
हाम्रो मूल नशा छामेर
रगत पिउने तयारीमा छन्
रक्तपिपासुहरू बुद्धवस्त्रमा छन् । (पृ-२)

प्रस्तुत अंशका माध्यमबाट सायमिले भावना, विचार अनुभूति र वर्गीयतालाई उल्लेख गरेका छन् । बुद्धवस्त्रमा बस्ने रक्तपिपासुहरूको चारित्रिक व्यवहार यस कवितामा रहेको छ ।

## ५.२. शीर्षक

शीर्षक कविता कृतिको नामकरण मात्र नभई कृतिको सारभूत भाव, विचारको सूचक वा उद्घाटन समेत हुनुपर्ने हो । शीर्षक विशेषीकृत भएमा यसले कृतिको अर्न्तबाह्य संरचना र भाषाशैलीले बहन गरेको समय विषयवस्तुको केन्द्रीय कथ्यले जाहेर गर्दछ ( त्रिपाठी र अन्य, २०४६: १७) ।

साहित्यकार सायमिको 'पुल र पर्खाल' कविता सङ्ग्रहभित्र ३६ वटा कविताहरू रहेका छन् । ती हुन– 'बुद्वबस्त्रमा रक्तपिपासु', 'सुरक्षा', 'संसार हेर्न चाहन्छु', 'आगाका लप्काहरू', 'अजिङ्गरको निम्तो', 'पुल र पर्खालहरू', 'रातो मत्स्येन्द्रनाथ ढल्यो', 'मुसाहरू', 'अवतरण', 'रोडम्याप', 'रिमोट कन्ट्रोलर', 'पशुपति', 'अग्रजहरूसँग', 'चाहना बुझिदिनुहोस्', 'मेरो इतिहास', 'सपना बोक्न सक्दैनौ', 'जीवन मूल्य', 'आगो', 'भारत', 'मुम्बई', 'कस्तो होता है', 'मनलाई बाँधेर ल्याउन सक्दिनँ', 'आम निर्वाचनः२०५६,' 'लसकुसमा काठमाडौं साझा घर', 'अहिले म के भएँ', 'संसद', 'समय-कुर्दै', 'शहीदसँग', 'जुद्ध सडक', 'रोजाई', 'जावेद', 'ढोग', 'अमर', 'दलाल सलाम', म सराङ्कोट आदि ।

सायमिले 'पुल र पर्खाल' कविता सङ्ग्रहमा भएका केहि कविताहरूको शीर्षकलाई यसरी चयन गरेका छन् :

'बुद्धवस्त्रमा रक्तपिपासु' शीर्षकबद्ध 'पुल र पर्खाल' कविता सङ्ग्रहको पहिलो कविता हो । यस कवितामा कविले बुद्धको जस्तो कपडा पहिरिएर बस्ने मानिसहरूले सोझा जनताहरूलाई लुटेको कुरा यस कवितामा रहेको छ । चन्दनको टीका लगाएर र शाकाहारी भोजन खाएर बस्ने मानिसहरू रक्तपिपासु हुन भन्ने कुरा यस कवितामा पाइने हुनाले यस कविताको शीर्षक सार्थक नै देखिन्छ ।

'सुरक्षा' शीर्षकबद्ध कविता 'पुल र पर्खाल' कविता सङ्ग्रहको दोस्रो कविता हो । यस कवितामा कविले सुरक्षाको नाममा भएको अपवित्रतालाई व्यक्त गरेका छन् । सुरक्षा गर्छु भन्ने व्यक्तिहरूभित्रै स्वार्थीपन लुकेको छ । यसकारण हामी जनताले सुरक्षाको अनुभूति गर्न पाएका छैनौ भन्ने जस्ता कुराहरूले गर्दा यस कविताको शीर्षक सार्थक नै देखिन्छ ।

'संसार हेर्न चाहान्छु' 'पुल र पर्खाल' कविता सङ्ग्रहको तेस्रो कविता हो । यस कवितामा एउटा अन्धकारमा बसेको व्याक्तिलाई संसारको बारेमा कुनै कुरा थाहा नभएको र

उसलाई संसार हेर्न रहर भएको कुरा व्यक्त गरिएकाले यो कविताको शीर्षक उपयुक्त नै रहेको छ ।

'आगाका लप्काहरू' कविता 'पुल र पर्खाल' कविता सङ्ग्रहको चौँथो कविता हो । यसमा कुनै पनि काम गर्नु अगाडि सो कामको थालनी गर्नुपर्दछ । यदि नबुझि र नजानी काम गर्दा आगाले नै एउटा संसार भ्याउन सक्छ । कुनै पनि मान्छेको सङ्गत गर्नु अगाडि नै चिनेर बुझेर सङ्गत गरौँ । नबुझि सङ्गत गरियो भने पनि सो मान्छे ले एउटा नराम्रो व्यवहार पनि देखाउन सक्छ भन्ने कुरा 'आगाका लप्काहरू' कवितामा रहेकोले यो कविताको शीर्षक उपयुक्त नै देखिन आउँछ ।

'पुल र पर्खाल' शीर्षकबद्ध कविता 'पुल र पर्खाल' कविता सङ्ग्रहभित्र रहेको कविता हो । यहि कवितालाई आधार मानेर 'पुल र पर्खाल' कविता सङ्ग्रह बनेको छ । यस कवितामार्फत सायमिले मान्छे-मान्छेबिच नदेखिने अनेकौ पर्खालहरू खडा भइसकेका छन् । यसलाई सहज बनाउनको लागि पुलको आवश्यक पर्दछ । पुलले गर्दा नै पर्खालहरूलाई जोड्दछ भन्ने कुरा यस कवितामा पाइने हुनाले यस कविताको शीर्षक उपयुक्त देखिन्छ ।

सायमिको 'पुल र पर्खाल' कविता सङ्ग्रहभित्र सामाजिक, राजनीतिक, व्यावसायिक, धार्मिक आदि विषयवस्तुलाई समेटेर लेखिएका कविताहरू छन् । केहि कविताहरू सामाजिक, केहि व्यावसायिक, केहि धार्मिक र प्रायः कविताहरू राजनीतिक विषयवस्तुलाई जोडेर लेखिएका छन् । यसर्थ, सबै विषयवस्तुमा भएका सबै कविताहरूको शीर्षक भावअनुकूल सार्थक र उपयुक्त नै रहेको छ ।

## ५.३. निष्कर्ष

स्नेह सायमिका जम्माजम्मी दुईवटा कविता सङ्गहहरू प्रकाशित भएका छन् । यी दुई कृतिमध्ये 'चौतारो बोल्यो' कविता सङ्ग्रह उपलब्ध नभएको र 'पुल र पर्खाल' कविता सङ्ग्रह उपलब्ध भएको हुदाँ यसै कृतिको आधारमा चौथो परिच्छेद स्नेह सायमिको कृतित्वको सामान्य अध्ययन गरिएको छ ।

'पुल र पर्खाल' कविता सङ्ग्रहमा ३६ वटा कविताहरू रहेका छन् र प्रत्येक कविताहरू मुक्त छन्दमा रचिएका छन् । भाषाशैली कतै-कतै जटील त कतै सरल रहेको छ । तसर्थ भाव र विचार पनि सरल नै रहेको छ । यसमा भाषामा विविधता रहेको पाइन्छ । हिन्दी, अङ्ग्रेजी भाषाको प्रयोगले कविता लाई झन् राम्रो बनाएको छ । सबै कविताहरू छोटा-छोटा रहेका छन् । यी कविताहरूमा खासै अन्त्यानुप्रास नमिलेकोले गेयात्मकता र साङ्गीतिकता प्रभावकारी रहेको देखिदैन ।

## पाँचौ परिच्छेद

# उपसंहार

वि. सं. माघ १ गते काठमाडौँ जिल्लाको नैकाप गा. वि. स. मा जन्मेका स्नेह सायमिले कविता विधामा कलम चलाएका छन् । उनको पुर्ख्यौली थलो कीर्तिपुरमा थियो । उनले प्राथमिक तहको शिक्षा नैकाप गा. वि. स. वडा न. २ मंगल स्कुलमा र माध्यमिक तहको शिक्षा नेपाल आदर्श हाईस्कुलबाट गरे । पिता पूर्ण बहादुर मान्नधर र माता पूर्णदेवी मान्नधरको जेष्ठ सुपुत्रको रूपमा जन्मिएका स्नेह सायमि कुलोचित परम्परा र संस्कारबाट अत्यन्त प्रभावित थिए । पिताको संस्कार तथा कुल परम्परालाई अनुसरण गर्दै कवि स्नेह सायमि अगाडि बढेको पाइन्छ । पारिवारिक र सामाजिक स्नेहमा जन्मेका सायमि राजनीतिप्रति आस्था राख्ने व्यक्ति हुन् ।

सायमिले काठमाडौँको पब्लिक युथ क्याम्पसबाट व्यावस्थापनको अध्ययन गरि फेरि, सङ्करदेव क्याम्पस हुदैं पब्लिक युथ क्याम्पसबाटै एम. बी. ए. उत्तिर्ण गरे । फेरी, २००२( २०५५) सालमा काठमाडौं विश्वविद्यालयबाट इ. एम. बी. ए. उत्तिर्ण गरेका थिए ।

कवि स्नेह सायमिले वि. सं. २०४० साल फागुन ७ गते लक्ष्मी मालीका साथ विवाह सम्पन्न गरेका थिए । सायमि वैवाहिक जिवनमा बाँधिएको चौध बर्ष भित्रमा दुईवटा सन्तान पनि प्राप्त गरिसकेका छन् । एक छोरी एक छोरा को बावु बनेका सायमिको मुख्य पेशा प्रध्यापन बनेको छ । उनलेसमयमै आफ्ना सन्तानलाई युगानुकूल शिक्षा दिलाएर आतर्निभर बनाउने कुरामा सफलता प्राप्त गरेका छन् । इ. एम. बी. ए. सम्मको अध्ययन पश्चात औपचारिक रूपमा प्रध्यापन पेशामा संलग्न भई, व्यावसायिक कार्यक्रमहरू चलाउने सायमिले अहिले प्रध्यापन पेशालाई नै निरन्तर अवलम्वन गरेका छन् । उनी सामाजिक र साहित्यिक संघ-संस्थासँग पनि आबद्ध रहेका छन् ।

अनौपचारिक रूपमा वि. सं. २०१९ साल देखि नै कवितायात्रा थालनी गरेका सायमि तीन दशक लामो साहित्ययात्रा पुरा गरिसकेका छन् । यस क्रममा उनले ‘चौतारो बोल्यो’ (२०३६) र ‘पुल र पर्खालहरू’ (२०६३) यी कविता सङग्रहहरू रचना गरेको पाइन्छ । यसका साथै थुप्रै फुटकर रचनाहरू पनि सङ्कलन गरेका छन् । साहित्यक सिर्जनायात्राका क्रममा कविता विद्यालाई नै आफ्नो प्रमुख रूचिको विद्या बनाउने सायमि मुक्त छन्दमा

कविता रचना गर्न अग्रसर देखिन्छन् । नेपाली साहित्यको कविता क्षेत्रमा संलग्न साहित्यकार सायमिको साहित्ययात्रा समयावधिका हिसाबले जती मौलाउन पर्ने हो त्यति मौलाएको देखिदैन यो नै उनको दुर्बल पक्ष मान्न सकिन्छ ।

कवि सायमिका रचनाहरूमा विशेष गरी सामाजिक, राजनीतिक, व्यावसायिक, आर्थिक, सांस्कृतिक साथै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय समाजबोध घत लाग्दो र यथार्थपरक ढङ्गले प्रस्तुत भएको पाइन्छ । उनले नेपाली राष्ट्रियता र यसका इतिहासमा रहेका अर्न्तद्धन्द्ध तथा समसामयिक यथार्थ र यसका स्तरमा रहेका सामन्ती सभ्यता विरोधी, युगीन क्रान्तिकारी तथा अग्रगामी चेतनालाई कवितामा अभिव्यक्त गरेका छन् । कवितामा भावना र विचारको मन्थन गर्ने सायमि मानवीय संस्कार, स्वभाव, शिष्टता जस्ता महत्त्वपूर्ण कुराहरूलाई कवितामा प्रस्तुत गर्न सिपालु रहेका छन् । उनको 'पुल र पर्खालहरू' कविता सङ्ग्रहमा धर्मात्मा मान्छेदेखि, जनयुद्धका कारण देशभित्र हत्या, हिंसा बढेको, राजनीतिक अस्थिरता भएको र आफ्नो स्वार्थमा तल्लीन नेताहरू लाई व्यङ्ग्य गरि देशलाई शान्तीको प्रतिक बनाउनुपर्दछ र मात्र देश र जनता सबै खुसी रहन सक्छन भन्ने कुरा यस कविता सङ्ग्रहमा सायमिले प्रस्तुत गरेका छन् ।

नेपाली साहित्यको कविता विद्यामा कलम चलाएर पनि ओझेलमा पर्ने तथा नेपाली कविता विद्यामा निरन्तर प्रयाश गर्ने स्नेह सायमिको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनले पनि कविता सिर्जनामा अझ अभिरुचि जाग्नेछ र नेपाली साहित्यको कविता क्षेत्रमा ओझेलमा परेका कैयौँ कविमध्ये स्नेह सायमिको बारेमा जान्न चाहाने व्यक्तिहरूका लागि पनि यो सामग्री सहयोगी बन्न सक्नेछ ।

## ६.१. निष्कर्ष

काठमाडौँ जिल्लाको नैकाप गा. वि. स. मा जन्मेका कवि सायमिको शैक्षिक, सामाजिक, व्यवसायिक क्षेत्रमा परिचय रहेको छ । समग्रमा उनको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनपछि निम्न निष्कर्ष दिन सकिन्छ ।

जस्तै : **जीवनी व्यक्तित्व**

क) सायमि नेवार परिवारको संस्कारसँगै हुर्केका समाज र परिवारप्रति उत्तरदायी व्यक्ति हुन् ।

ख) सायमिले आफ्ना कविताहरूमा समाजबोध, राष्ट्रिय चिन्तन, राजनीतिप्रति उत्तरदायी आदि जस्ता विषयवस्तुलाई प्रभावकारी ढङ्गले टपक्क टिप्ने गरेको पाइन्छ ।

ग) साहित्य, शिक्षा र व्यावसायिक क्षेत्रम उल्लेखनिय योगदान पुचाएका सायमिको व्यक्तित्व उज्वल रहेको देखिन्छ ।

**कृतित्व व्यक्तित्व**

क) कविता रचनाका क्रममा सायमिले मुख्यतः मुक्त छन्दको प्रयोग गरी गद्यात्मक शैलीको प्रयोग गरेका छन् ।

ख) सायमिले आफ्ना कविताहरूको शिल्प पक्षलाई सशक्त बनाउन विभिन्न बिम्व, प्रतिक र अलङ्कारको प्रयोग गरेका छन् ।

ग) सायमिका कृतिहरूमा कथ्यवस्तुका रूपमा मुख्यतः सामाजिक, राजनीतिक, धार्मिक र व्यवसायिक विषयहरू रहेका छन् ।

घ) हत्या, हिसा, सामाजिक, आर्थिक, राजनीतिभित्रको विसङ्गति जस्ता तत्कालिन अवस्थामा विद्यमान समस्याका रूपमा रहेका परिस्थितिलाई कथ्यविषय वैयक्तिक र विषयगत रूपमा संरचित गरिने प्रगतिशिल किसिमको संरचना प्रयुक्त भएको छ । 'पुल र पर्खाल' कविता सङ्ग्रहभित्रका कविताहरू सङ्क्षिप्त विषयगत कथन, अनुभूतिमय तथा पाठक वर्गलाई एकल र एकीकृत रूपमा प्रभाव पार्ने खालका छन् ।

## ६.२. सम्भावित शोध शीर्षकहरू

शोधकार्य निरन्तर चलिरहने प्रक्रिया हो । शोध कार्यले गर्दा नै कुनै पनि कामले पुर्णता पाउँछ । तसर्थ यस शोधपत्र तयार गरिसक्दा पनि यही शोधपत्रलाई आधार मानि अन्य शीर्षकहरूमा पनि शोधकार्य गर्न सकिन्छ । ती महत्त्वपूर्ण शीर्षक हरूलाई तल उल्लेख गरिएको छ ।


क) पुल र पर्खाल कविता सङग्रहको कृतिपरक अध्ययन,

ख) पुल र पर्खाल कवितामा बिम्ब र प्रतीकको प्रयोग

ग) पुल र पर्खाल कवितामा भाषा शैलीको प्रयोग आदि ।

## परिशिष्ट -१

## स्नेह सायमिको वंशावली



# परिशिष्ट -२

## शोध नायकसँग सोधिएका प्रश्नवाली

(यो शोधपत्र तयार गर्ने क्रममा शोधकर्ताले शोध नायकसँग केही प्रश्नावली तयार गरेर दिइएकी थिइन् र शोध नायकले त्यसको लिखित रूपमा उत्तर दिएका थिए । जसको केही उत्तर यहाँ प्रस्तुत गरिएको छ ।)

शोधकर्ता : तपाँइको वंशावलीको बारेमा केही बताइदिनु हुन्छ कि ?

शोध नायक : मेरो मूल थलो कहाँ थियो भन्ने कुरा थाहा भएन । मैले थाहा पाए सम्म मेरा पूर्वजहरू कीर्तिपुरमा रहने गर्थे । मेरा जिजु बाजे तुइसिँ मानन्धर सम्मको मैले सम्झेको छु । तुइसिँ मानन्धर राणाकालीन समयका द्वारे थिए । द्वारे नै एक निश्चित क्षेत्रको प्रशासक हुने गर्थे । कीर्तिपुर र कीर्तिपुर वरीपरीका गाउँका मानिसहरूको जग्गाको लगत ( अहिलेको मालपोत कार्यलय) द्वारे कहाँ नै हुने गर्थ्यो । द्वारे कै घर अड्डामा जनसाधारणले आफूले कमाइ आएको जमिनको कुद बुझाउने गर्थे ।

तुइसिँका चार छोराहरू थिए । तुल्सीनारायण, बुद्धिनारायण, र रत्नबहादुर । तुइसिँ का जेठा छोरा तुल्सीनारयण सानै उमेर देखि कुत उठाउन घर-घरमा पुग्ने गर्थे र उनीहरू व्यवसायिक रूपमा सचेत थिएनन् । उनको विवाह कीर्तिपुरकै मानन्धर परिवारमा भयो । मुख्य पेशा खेतीमा निर्भर कीर्तिपुरका बासिन्दा खेतीपाती गर्न र चाडबाड मनाउन व्यस्त रहन्थे । तुल्सीनारयणका अन्य भाइहरू भने व्यवसायिक रूपमा सचेत थिए । भाइ बुद्धिनारायण खेती सम्हाल्थे । अर्का साईला भाइ व्यापार, तेल पेल्ने कोल र खुद्रा पसल सम्हाल्थे । कान्छा भाइ चाँहि त्यस बेला नै लेखाइ पढाइ जानेका र प्रवेशिका परीक्षा उत्तीर्ण गरेका हुनाले खास उत्तराधिकारीका रूपमा काम गर्थे । जग्गा जमिनका धेरै कागज पत्र उनै सँग हुन्थे । शहरमा झै-झगडा भएमा मिलापत्र गराइदिने अंशबन्डाको कागज गरिदिने गर्थे ।

अन्य तीन दाइहरूमध्ये तुल्सीनारायण दाई खेती मात्र सम्हाल्ने, साईला दाई व्यापार हेर्ने तर कान्छा रत्नबहादुर कागज पत्र नै हातमा लिएर बस्ने हुनाले यीनले अधिंकाश जग्गाजमिन, घर आफ्नै नाममा गरेर बेचेर खाए ।

जेठा तुल्सीनारायण प्रति भाइहरूले समर्थन नगर्ने उल्टो तिनका विरुद्धमा कुरा लाउने भएपछि तुल्सीनारायणका जेठा छोरा पुर्णबहादुरको लागी असह्य भयो । सत्र बर्षम पन्ध्र बर्षकी केटीसँग विहे गरेका थिए । स-साना दुई भाइ र आमा बुवालाई लिएर सम्पन्न द्वारेको घरबाट पुर्णबहादुर निस्के । उनको काखमा स्नेह सायमि थिए ।

मात्र चार कक्षामा पढेको, लेखपढ सम्म गर्न जान्ने पुर्णबहादुरले द्वारेको सम्पन्न घर छोडेर नैकाप स्थित द्वारेको विशाल घरको सामुन्ने काँचो ईट्टाले बनाएको सानो घरमा बसेर ससुरालीको सहयोगमा तेल पेल्ने कोल स्थापना गरेर त्यसै बाट जेनतेन गुजारा गरे ।

ससुरा गंगाबहादुर मानन्धर थानकोटका इज्जतदार खान्दानी र सौम्य व्यक्ति थिए । त्यसताका बाइरोडको बाटो बनेको थिएन । नैकाप, सतुंङगल, थानकोट, चित्लाँङ्ग भिमफेदी हुँदै तराई तिर जाने चलन थियो । मोटर को खासै प्रचलन थिएन । हिँडेर नै सवै ठाँउ पुग्ने चलन थियो । सामानहरू भरियालाई बोकाएर ल्याउने चलन थियो ।

चन्द्रगिरीको मुनि ढाकासी भन्दा माथि घना जंगल थियो । खेतीपाती कम भएका मानिसहरू त्यही जंगल बाट दाउरा बनाएर बेच्न ल्याउँथे त्यस्तै झ्याल ढोकाहरू पनि उतै बनाएर बजारमा बेच्न ल्याउने चलन थियो ।

बुवा पुर्णबहादुर मानन्धर र आमा पुर्णदेवीले अत्यन्तै दुःख गरेर तोरी पेलेर, तेल बेचेर र खुद्रा पसल चलाएर भाइहरू लाई पढाउन लगाए । यसरी नै उनले छोरा छोरीहरू हुर्काए ।

पछि नजिकै ढडगे अड्डामा ढुगांको ठेक्का लिए, नयाँ घर बनाए, जग्गा जमिन किने, भाइहरू लाई अंशबण्डा गरिदिए र आफू छोरा छोरी सँग भिन्दै बसे ।

पुर्णबहादुरको आर्थिक अवस्था त्यति राम्रो थिएन र पनि आफ्ना सवै छोरा छोरीहरू लाई पढ्न प्रेरित गरिरहे ।

मैले आमाले बनाइदिनुभएको अगाँर धुलो पारेर पोतेको काठको फल्याकमा खरीले लेख्ने गरेको कुरा सम्झन्छु । मलाई पहिलो खालको बाह्रखरी आमाबाट सिकेको र आमाले बत्ति नभएको कोठामा सुत्नु अघि धेरै शब्दहरू कण्ठाग्र सिकाएको कुरा सम्झना आउँछ ।

शोध कर्ता : तपाईको जन्म र जन्मस्थानको बारेमा बताईदिनुहोस ?

शोध नायक : मेरो जन्म २०१६ साल माघ १ गते नैकापमा भएको हो । पिता पुर्णबहादुर र माता पुर्णदेवीको पहिलो सन्तानका रूपमा यो वैभवशाली धर्तीमा पहिलो पटक पाइला टेकेको थिएँ ।

शोध कर्ता : तपाईको बाल्यकाल कसरी बित्यो केही बताईदिनुहोस्न ?

शोध नायक : मेरो बाल्यकाल नैकाप गा. वि. स. को मूल सडकमा बित्यो । बल्खु खोलामा नुहाउने, पौडी खेल्ने, माछा मार्ने, काकाको साइकल लिएर सडकमा गुडाउन लैजाने, धानबारीमा डुल्न जाने, कपडी खेल्ने, गाई चराउने, परिवार लाई तेल पेल्न, बेच्न पसलमा बसेर सघाउने । गाँउ भरिका बुढा पाका जम्मा भएको ठाँउमा तमाखु बनाएर लैजाने, बुढा पाकाका, अकवर विरवलका किस्सा सुन्ने, जेठो छोरा भएकाले आफू मुनिका भाइ बहिनीहरू लाई सानै देखि माया गर्ने, स्याहार गर्ने, आमा लाई मद्धत गर्ने मेरो बानी थियो ।

शोध कर्ता : तपाईले प्रारम्भिक शिक्षा कसरी हासिल गर्नु भयो ?

शोध नायक : बुवा पुर्णबहादुर मानन्धर चार कक्षा सम्म मात्र पढेका र आमा घरमै साधारण लेखपढ गर्न सिकेकी थिइन् । काका ओभरसियर पास थिए ।

सानोमा आमाले ग्वर: (काठे सिलोट) मा लेख्न सिकाएको, पढन सिकाएको मा म गौरव गर्दछु । घरमै अध्ययन गरिसकेपछि मलाई एक कक्षामा बुवाले घर छेउकै मंगल स्कुलमा भर्ना गरिदिनुभयो । स्कुलमा म सँग पढ्ने साथीहरू भन्दा पढ्नमा तेजिलो थिए । म एक कक्षाको विद्यार्थी भन्दा पढाईमा राम्रो भएकाले, एकै पटक कक्षा दुईमा भर्ना भए । वास्तवमा मैले एक कक्षा पढ्नै परेन ।

मंगल स्कुलमा दुई कक्षा उत्तीर्ण गरेपछि अर्को स्थानीय स्कुलमा चार कक्षामा भर्ना भएँ तर, तीन कक्षा पढिन । कक्षा चार पछि एकै पटक सात कक्षा भर्ना भएँ र सात कक्षा देखि दश सम्म नियमित नेपाल आर्दश हाईस्कुलमा पढेर वि. सं. २०३१ सालमा त्यही स्कुल बाटै एस. एल. सी. उत्तीर्ण गरे ।

शोध कर्ता : उच्च शिक्षाको बारेमा पनि केही बताईदिनुहुन्छ कि ?

**शोध नायक :** त्यतीखेर उच्च शिक्षा पढ्ने लहर चलेको थियो । एस. एल. सी. परीक्षा उत्तीर्ण गरीसकेकाहरूले फेरी टेष्ट परीक्षा दिनुपर्थ्यो । सो परीक्षा उत्तीर्ण भएपछि अन्तर्वार्ता दिनुपर्थ्यो । मैले इन्जिनियरिङ, व्यवस्थापनमा दर्खास्त हालेर पछी पब्लिक युथ क्याम्पस बाट व्यवस्थापनको अध्ययन गरे । फेरी शंकरदेव क्याम्पस हुदै पब्लिक युथ क्याम्पस बाटै एम. वी. ए. उत्तीर्ण गरे ।

पछि मैले बजार शास्त्र, सीप र उत्पादन सम्बन्धि तालिम लिएँ र सन् २००२ (२०५८) मा काठमाडौं विश्वविद्यालय बाटै पुनः एम.वी. ए. उत्तीर्ण गरेँ ।

शोध कर्ता : विवाह र पारिवारिक जीवनको बारेमा पनि केही बताईदिनुहोस्न ?

**शोध नायक :** नेपाल आदर्श हाइस्कुल गणवहालमा कक्षा १० सम्म पढ्दा पनि केटी साथीहरूसँग संगत गर्ने चलन थिएन । छिमेकी दिदी बहिनीहरूसँग पनि अलग बस्ने चलन थियो । क्याम्पस जीवन एकै पटक सिनियर क्याम्ब्रिज गरेर आएका धनाढ्य परिवारसँग संगत भयो । त्यहाँ केटाकेटी भनेर छुट्टिने चलन थिएन । यसरी महिला हरूसँगको संगत सहज भयो । आफू पिपलको रुखमुनिबाट शिक्षा हासिल गरेको र सिनियर क्यामब्रिजवाला सँग प्रतिस्पर्धा गर्नु परेको कारणले प्रविणता प्रमाणपत्र तहमा अंग्रेजी अर्थशास्त्र र अन्यविषय मेहनत गर्नु परेको र अंग्रेजीमाध्यममा लेख्न शुरु गर्न रात दिन अध्ययन गर्न परेको सम्झना आउँछ ।

वि. सं. २०३४-३६ मा स्नातक तहमा शंकरदेवमा अध्ययनरत रहँदा दिउसो घर छेउकै स्कूलमा गणित विषय अध्ययन गराउने प्रस्ताव आयो र म अस्थायी शिक्षकका रूपमा विद्यामन्दिर निम्नमाध्यमिक विद्यालयमा अध्यापन गराउन पुगेँ । त्यहाँ लक्ष्मी मालीजी पनि शिक्षिका रूपमा अध्यापन गराउँदै थिइन् ।

मेरो र लक्ष्मीको त्यहीँ भेट भयो र त्यसको ६ वर्ष पछि अर्थात २०४० फागुन ७ गते विवाह भयो ।

शोध कर्ता : तपाईको बसोबास र आजिविकाको बारेमा पनि केही बताउनुहुन्छ कि ?

शोध नायक : म लामो समय नैकापमा मै रहें । आमा बुवा को परिवार ठूलो भएको हुनाले परिवार प्रतिको दायित्व बोधका कारण घरको व्यवसायमा आमाबुवा लाई सघाउन कर्तब्य ठानें । घरको तेल पेल्ने कोल, तेल मिल, पसल मिल संचालनमा सहयोगी भूमिका निभाउँदै आएको थिएँ । शिक्षकको रूपमा २ वर्ष काम गरिसकेपछी २०३६ सालको आन्दोलनमा अर्न्तवार्ता मात्र लिएर स्थायी गर्ने सम्झौता भएवमोजिम, स्थायी रूपमा शिक्षक पेशामा रहन नचाहेकोले अर्न्तवार्ता नै दिन गइन । त्यसपछि घरमै भाइहरूलाई एक एक वटा उद्योग स्थापना गरिदिई पारिवारिक औद्योगिक घराना संचालन गर्ने कल्पना गरेको थिएँ तर भाइहरू र बुवाको रुचि भिन्दै भएपछि घरको व्यवसाय बुवा र भाइहरूलाई छोडेर अन्य साथीहरूसँग को सहकार्यमा नयाँ व्यवसाय गर्ने, व्यवस्थापन विशेषज्ञको रूपमा काम गर्ने गरे । विशेषत मेरो रुचि व्यवस्थापनमा रह्यो । उद्योग, सीप सदुपयोग, व्यवस्थापन मेरा मुख्य विषय हुन् । हाल म काठमाडौं-१३, रविभवन रातोघरमा बसोबास गर्दछु ।

शोध कर्ता : तपाईले स्वदेश तथा विदेश को कुन-कुन ठाउँमा भ्रमण गर्नुभयो त ?

शोध नायक : मैले अन्य नेपालीहरूले जस्तै भ्रमणको योजना बनाउँदिन तर, भ्रमणको मौका पनि छोड्दिन । म नेपाल घरेलु तथा साना उद्योग संघको संस्थापक महासचिव रहेको बेला देशभरीका घरेलु तथा साना उद्यमीहरूलाई सङ्गठित बनाउन देशको सवै प्रमुख जिल्लाहरूमा घुम्नु पर्ने बाध्य भएँ । नेपाल उद्योग वाणिज्य महासंघ ठूला व्यापारीहरूको हातमा रहेको र सो संस्थाले घरेलु तथा साना उद्यमीहरू सहितको रक्षा नगर्ने हुनाले हाम्रो छुट्टै संस्था हुनुपर्ने जिकिरका साथ देशका अधिकांश दुर्गम र सुगम जिल्लाहरूमा सङ्गठन विस्तार गर्नुपर्‍यो र त्यही नै देश दर्शनको माध्यम हुन पुग्यो । त्यो बाहेक सरकारको विभिन्न समिती र उपसमितीमा रहेर काम गर्दा पनि देशको विभिन्न भागमा गई काम गर्ने मौका मिल्यो ।

पछि स्वास्थ्य मन्त्रालय अर्न्तगत स्वास्थ्य संचार नीतिनिर्माण कार्यदलको अध्यक्षको हैसियतमा वा संचार मन्त्रालयको न्युनतम पारिश्रमिक निर्धारण समीतिमा रहँदा मुलुकको अधिकांश मिडियामा अनुगमन गर्दा पनि देश दर्शनको मौका मिल्यो ।

त्यस्तै व्यवसायिक, संस्थागत र व्यक्तिगत यात्राको क्रममा विशेषज्ञ प्रतिनिधि प्रस्तोताका रूपमा, भारत, चीन, थाइल्याण्ड, जापान, अमेरिका, जर्मनी, रसिया, कतार, दुबई, इटली, फ्रान्स, सिंगापुर, अष्ट्रेलिया, लगायतका मुलुकहरू भ्रमण गरिसकेको छु ।

शोध कर्ता : तपाईको रुचि केमा रहेको छ बताईदिनुहोस्न ?

**शोध नायक :** मेरो सानै देखिको रुचि खेलकुद, गायन, कविता लेख्नु हो । लागेको कुरा मनमा नराखिकनै व्यक्त गर्ने, रुख रोप्ने, हरियाली बनाउने, समय र वचनको पक्का नभएको व्यक्तिसँग आक्रोश व्यक्त गर्ने आदि ।

शोध कर्ता : तपाईलाई साहित्यिक विधा मध्ये कविता विधाले नै किन अभिप्रेरित गर्‍यो ?

**शोध नायक :** साहित्य विधामा कविताबाट म बढि परिचित छु । हुन त मैले गीतहरू पनि प्रशस्तै लेखेको छु र कतिपय गीतहरू पुराना नयाँ गायकहरूले गाएका पनि छन् । तर पनि म आफुलाई कविता विधा नै आफ्नो विधा भएको ठान्छु । मेरो नजरमा सवै विधा काव्यमा आधारित छन् ।

आफुले भोगेको पिडा र विसँगती ले औधी घोच्न थालेपछि निवन्ध र संस्मरण पनि लेख्छु । मेरो निवन्धमा कुनै मधुमासको कथा हुँदैन । हुन्छ त उत्पीडीत जनहरूको पक्षमा आफुलाई उभ्याएर लेखिएको अत्याचार र अन्याय विरूध्दमा पंक्तिवद्ध अक्षरका जुलहाहरू ।

म काव्यमा एक लाइन देखि ५/६ लाइन सम्म गाउँ खाने कथाको स्वरूपमा मुक्तक लेख्छु । र, यो मरो आफ्नो भिन्न शैली हो । अन्य मुक्तकमा जस्तो साह्रै अनुप्रास मिलाएको पनि हुदैन तर एक लाइन मात्र सुन्दा पनि मुटु घोचेरै जान्छ । जस्तैः

जव थिएन रातोघर उनीहरू आफै राता थिए

जव बनाए रातोघर उनीहरू पेहोलिँदै गए ।

कविता बाहेक म आफ्नै र अन्य गोप्य नामहरूमा कथा लेख्ने गर्दछु । यी कथाहरू म कथाकार हुन या नामका निम्ति लेख्दैनन् । यसकारण लेख्छन् कि त्यो कथाले समाजका मुकुण्डोधारी सम्मानीत व्यक्तिहरू को नकाव उतार्न मद्धत गरोस् । यसरी मेरा कथाहरू, विभिन्न नाममा विभिन्न पत्रिकामा छरिएका छन् ।

शोध कर्ता : कविता, कथा बाहेक अन्य लेखहरू पनि लेख्नुहुन्छ कि ?

शोध नायक : देश विदेशमा भइरहेको समसामयिक घटना राजनैतिक सामाजिक परिस्थिति, मिडिया, अर्थतन्त्र आदि विषयमा बेला बखत लेख लेखिरहन्छु । विशेषत मुलुकको अन्यवस्थालाई सुधार्ने विकल्प सहित लेख्ने गर्दछु ।

शोध कर्ता : हजुरले लेख्ने कार्य बाहेक केही सम्पादकको रूपमा काम गर्नु भएको छ कि बताईदिनुहोस्न ?

शोध नायक : मेरो लेखन सँगसँगै साहित्यिक पत्रिकाको सम्पादनकार्य पनि उल्लेखनीय छ । २०३६ सालमा विद्यार्थी जीवनमै 'प्रतिभा' नामक मासिक गोजिका (गोजिमा अराउने पत्रिका) को सम्पादक/प्रकाशक थिएँ । २०३६ देखि २०४४ सम्म सो पत्रिकाको प्रकाशन भयो । उक्त गोजिकामा तत्कालीन नामचलेका देखि नवप्रतिभा साहित्यकारहरुले स्थान पाएका थिए । तुलसी दीवस, मीनबहादुर विष्ट, शार्दूल भट्टराई, हरिगोविन्द लुईटेल आदि सयौँ साहित्यिकारहरूको लेखरचना प्रतिभामा प्रकाशित छन् ।

त्यो बाहेक 'बेदना' साहित्यिक मासिक लाई सहयोग गर्ने, श्रमजीवि पारदर्शी नामक विभिन्न संघ संस्थाबाट प्रकाशित पत्रिका र बुलेटीनको पनि सम्पादन कार्य गरेको छु ।

शोध कर्ता : हजुरले केही साहित्यिक कार्यक्रमहरू पनि गर्नुभएको छ ?

शोध नायक : वि. सं. २०४४ देखि नै 'प्रतिमा प्रवाह' नामक साहित्यिक कार्यक्रमको संयोजक भएर कविता, कथा, निबन्ध लेख्ने लेखकहरूलाई जुटाएर मासिक रूपमा साहित्यिक कार्यक्रम गर्थौं । कहिले कविता विशेष, कहिले कथा विशेष त कहिले निबन्ध विशेष गरेर ती

साहित्यकारको कृतिहरू तीन जना समालोचकले समालोचना गर्ने व्यवस्था मिलाउँथैं । प्रतिमा प्रवाह त्यस पुस्ताका साहित्यकारहरूको लेख्न सिक्ने र सिकाउने एउटा मञ्च थियो । प्रतिभा प्रवाहको अधिकांश कार्यक्रमको मुख्य अतिथि पारिजात हुनुहुन्थ्यो ।

यति धेरै व्यस्तताका बाबजुद पनि आफ्नो अमूल्य समय प्रदान गरि मलाई सहयोग गर्नुभएको मा हजुरलाई धन्यवाद ।

मिति : २०७१/४/१३

शोधनायक

स्नेह सायामि

# सन्दर्भ सामग्री सूची


खतिवडा, लेखराज (२०५४), 'मुनामदन खण्डकाव्यको कृतिपरक विवेचना', अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा. २०५४), **नेपाली कविता भाग ४,** (चौ. सं. २०६७), ललितपुरः साझा प्रकाशन ।

धामी, रमेशबहादुर (२०६५), 'हर्षप्रसाद भट्टको जीवनी, व्यक्तित्व र कृतित्व' अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर ।

पवन, रेखा (२०६५), 'पीताम्बर अधिकारीको जीवनी व्यक्तित्व र कृतित्व' अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि. वि. कीर्तिपुर

लम्साल, रमेश (२०६३), 'सांस्कृतिक कर्मीहरूनै राष्ट्रियताप्रति सचेत', **कान्तिपुर** दैनिक पत्रिका, वर्ष १४, अंक २६ ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०५७), **नेपाली कविता,** काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

लुइँटेल, खगेन्द्रप्रसाद ( २०६०), **कविता सिद्धान्त समालोचनाको सैद्धान्तिक परम्परा** भाग - २, काठमाडौँः साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०५२), **शोधविधि,** (पाँ. सं. २०६८), काठमाडौँः साझा प्रकाशन ।

श्यामल (२०६५), 'पुल र पर्खालहरू' **राजधानी** दैनिक पत्रिका, वर्ष ८ अंक ४ ।

सायमि स्नेह (२०६३), **पुल र पर्खालहरू,** काठमाडौँः चैत्र ३ ।

सायमि स्नेह (२०३६), **चौतारो बौल्यो**, परिचय प्रकाशन काठमाडौँ ।